Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १४, २०७६ साल मंसीर १० गते मंगलबार (Nov 26, 2019) www.janaakash.com.np मुल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।**

**जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।**



**सम्पर्कः ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com


# भारतको दादागिरी कहिलेसम्म ?



भारतले नेपालको भूभाग मिच्न थालेको आज मात्र होइन जब नेपालमा राणाविरोधी आन्दोलन शुरु भयो त्यसै बेलादेखि प्रजातन्त्रका नाममा, नेपालबाट भारत पढ्न गएका र कतिपय त राणाका पुरेतहरु राणाले नै पढ्न पठाएकाहरु प्रजातन्त्रको नाम लिँदै भारतीय ओछ्यानमा मस्त हुन थाले त्यसबेलादेखि नेपाली समाजमा अगुवा र नेतृत्व यस्ता भारतीय परस्त भएका भारतमा पढेका भारतले भन्दा मान्ने धेरै अध्ययन नगरेका विशेष गरेर अराजकता मच्याउन सक्ने, जनतालाई भड्काउन सक्ने साथै सधैं भारतले भनेको मान्ने पात्रहरु भारतमा नै सबै खालका तालिम, योजना बनाई नेपाल राष्ट्रको जंगे पिलर लडाउन खेलिएको जालमा ती बनारस पढ्न गएकाहरु फसे। कतिपय जानेर फसे कतिपय नजानेर फसे। जोकी भारतमा त्यतिबेला भर्खरै भारतले पाएको स्वतन्त्रतामाथि राणा शासनको कडा अनुसन्धानले कुनै पनि नेपाली भारतसँग झुक्न सक्दैन थिए। त्यसैलाई तिलाञ्जल दिन सुझबुझ ढंगबाट भारतले नेपालका त्यतिबेलाका जमिनदारका छोराहरु जो-जो बनारस पढ्न गएका थिए तिनीहरुलाई सत्ताको सपना देखाई नेपालमा अस्थिरताको बिउ रोप्न पठाए र नेपालका उद्योग, कलकारखाना बन्द गराउने, नेपालीहरुलाई आर्थिक रुपमा कमजोर बनाउने खेल त्यहीबाट शुरु भयो।

त्यसैदिनबाट नेपालीहरु आन्तरिक कलहमा व्यस्त भए कहिले राण शासन ढाल्ने नाममा, कहिले प्रजातन्त्र सिध्याउने नाममा, कहिले बहुदल ल्याउने नाममा त कहिले गणतन्त्र ल्याउन राजतन्त्र फ्याँक्ने नाममा। त्यो बीचमा नेपाली जनताहरुलाई आन्तरिक द्धन्दमा केन्द्रीत गराएर ध्यान यता मोडाएर कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता जस्ता नेपालको स्वतन्त्र जलसम्पदामाथि भारतले आफ्नो हैकम लादेको इतिहास साक्षी छ। सप्तकोशीको किनारहरुमा जेठदेखि भदौसम्मको वाढी र गण्डक नहरमा सुख्खा मौसममा आफ्नै देशको पानी आफैले प्रयोग गर्न नपाउने महाकालीको पानी भारतीय नियन्त्रणमा राख्न गरिएको षड्यन्त्र यतिबेला नेपालमा पुष्टि भइरहेको छ।

बेला बेलामा पात्रहरु फेरिरहने सरकारको कुर्सिमा बसेर एकनाथ माला लगाउन र सिंहदरबार जुन भवन राणाहरुले बनाएका थिए ती भवनभित्र प्रधानमन्त्री बनेर एकथान फोटो झुण्ड्याउन आफ्नो जम्मभूमिको ख्यालै नगरी चुनाव जित्न र पार्टीका नाममा विरोधी पक्षलाई ढुंगा हान्न, होली हान्न त्यही भारतीय जासुसहरुसँग सरसहयोग लिएर नेपालको राजनीति गरेका नेताहरुको फेरहस्त प्रजातन्त्र स्थापना भएको ३४ वर्षमा ३८ औं प्रधानमन्त्रीको रुपमा फोटोहरु सिंहदरबारमा झुण्डिरहेका छन् तर यतिका वर्ष जो राणा शासन व्यवस्थाको अन्त्य भएको ७० वर्षको दौरानमा साना तिना सीमा त भारतले मिच्दै गयो, कोहीकाहिँ कतै जनताले प्रतिकार गर्दै गए। तर हुँदाहुँदा १९६२ मा भारत चीन युद्धको बेला भारतीय घाइते सैनिकलाई सहज होस् भनी मानवीय संवेदना सम्झेर केही महिनाको लागि नेपालले भारतीय सैनिकलाई उपलब्ध गराएको नेपालको भूमि अहिले भारतले आफ्नो नक्सामा पारिसक्यो। यस्तो अवस्थामा देश

बाँकी ७ पृष्ठमा

# मन्त्री गुरुङलाई बधाई तथा शुभकामना

काठमाडौं। नेपाल राष्ट्रिय अपाङ महासंघ लगायत बिभिन्न संघ संस्थाहरुले यहि आइतवार भृकुटी मण्डप अपाङग महासंघको प्रागणमा एक कार्यक्रम आयोजना गरी नव नियुक्त समाज कल्याण बालबालिका तथा ज्येष्यठ नागरिक मन्त्री पार्वत गुरुङलाइ बधाइ तथा शूभकामना



दिएकाछ्न् मन्त्री गुरुङलाई आमन्त्रण गरी अपाङगहरुले पालैपालो माला लगाइ मन्त्री गुरुङगलाई बधाइ तथा शूभकामना दिएका थिए भने अपाङग महासंघमा कार्यरत कर्मचारीहरुले पनि उक्त अवसरमा मन्त्री गुरुङलाइ शूभकामना दिएका थिए।

नेपालको संविधान जारी भएपछि निजामति कर्मचारी स्थानियमा समायोजन भएपछि समाज कल्याण महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धि कुनै पनि कार्यक्रम नगरी स्थानीय सरकारहरुले कर्मचारीलाइ अरु नै बिभागमा खटाएको र बालबालिका महिला अपाङग सम्बन्धि कामहरु प्रभाबकारी ढङगवाट गर्न नसकिएको कर्मचारीहरुले मन्त्रीलाइ भेटको अवसरमा गुनासो राखेका थिए भने मन्त्रीले बुझेर छिट्टै महिला बालबालिका ज्येष्ठ नागरिक अपाङग सम्बन्धि सवै कार्यक्रम शुचारु गराउने बताउनु भएको थियो।

# अन्तर पार्टी महिला ३ नं. प्रदेश कमिटी गठन

काठमाडौं। अन्तरपार्टी महिला सञ्जालको ३ नं. प्रदेश कमिटी गठन भएको छ। गएको शनिबार बानेश्वरको अल्फविटा हाउसमा विभिन्न पार्टीका




व्यक्तिहरुलाई आमन्त्रण गरी पहिलो र दोश्रो शत्रमा विभाजनगरी सञ्चालन गरिएको थियो। कार्यक्रमको सञ्चालन अन्तरपार्टी महिला सञ्जालकी पूर्वअध्यक्ष हाल स्टेरिङ्ग कमिटी सदस्य उमा रेग्मीले

बाँकी ७ पृष्ठमा

# नेकपा (माले) यसरी भीड्दैछ



मालेका उम्मेदवारहरु क्रमशः टेकनाथ भण्डारी, सुदर्शन लामिछाने, एकराज सुब्बा र दाङमा घरदैलो कार्यक्रममा कार्यकर्ताहरु।



काठमाडौं। उपनिर्वाचन आउन ४ दिन बाँकी रहँदा नेकपा (माले)का नेताहरु उपनिर्वाचनको लागि आफ्नो उम्मेदवारहरुलाई जिताउन विभिन्न क्षेत्रमा सक्रिय भएर लागेका छन् भने पार्टीका महासचिव सिपी मैनाली नेपालको पश्चिम दाङ्ग, कास्कीको पोखरामा जनसभालाई सम्बोधन गर्दै आफ्नो पार्टीका नेताहरुलाई सम्मेलन गर्न जनतालाई पार्टीको धारणा प्रष्ट्याउन विभिन्न जनसभामा पुगेर

बाँकी ७ पृष्ठमा




जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### १३औं सागलाई भव्य बनाऔं

१३औं साग खेलकुद यही मंसीर १५ गतेबाट काठमाडौंमा शुरु हुँदैछ । यो नेपालीहरुको लागि गौरवको विषय हो ।

नेपालले नै पहिलो पटक आयोजना गरेको साग खेलकुद पुन: नेपालले आयोजना गर्ने अवसर प्राप्त गरेको छ । यतिबेला सातवटै राष्ट्रमा खेलाडीहरु आफ्नो कला कौशल देखाउन आतुर छन् भने आफ्नो राष्ट्रको प्रतिष्ठा बनाउन राष्ट्र-राष्ट्रहरु नै यतिबेला खेलाडीहरुको व्यवस्थापनमा सक्रिय छन् ।

नेपाल त आयोजक राष्ट्र नै भएको र २०७२ को महाभूकम्पले ध्वस्त बनाएको नेपालमा खेलकुदका भवन र संरचनाहरु ४ वर्षको निरन्तर मेहनत पछि बल्ल अलिअलि पुन: संरचना निर्माण सम्पन्न भएका छन् । पूर्णरुपमा संरचना बनि नसकेका हुनाले केही खेलकुद भने ४ नं. प्रदेशको कास्की जिल्लाको पर्यटकीयनगरी पोखरामा हुँदैछन् ।

केही समय अगाडि मात्र निर्माण सम्पन्न भएको दशरथ रंगशालामा फुटबल खेल हुनेछ जहाँ दर्शकहरुको उपस्थितिले भरिभराउ हुने अनुमान लगाउँदै आयोजकले व्यवस्थापन राम्रो बनाएको छ ।

अन्तर्राष्ट्रियस्तरमा खेलकुद नेपालले आयोजना गर्न पाउनु सबै नेपालीको प्रतिष्ठाको विषय हो । यस अवसरलाई अन्तर्राष्ट्रिय स्तरमा नेपालीहरुको सांस्कृतिक प्राकृतिक विविधतलाई चिनारी गराउने माध्यम बनाउन सक्छौं नेपालीहरु सभ्य र अनुशासित सबैको एकता पनि बलियो रहेछ भन्ने सन्देश खेलकुदको आयोजना, खेल्दा गरिने प्रदर्शन र नेपालीहरुको पहिचान झल्कने गरी प्रदर्शन गरेर यी महत्वपूर्ण विषयहरुलाई यो अन्तर्राष्ट्रियस्तरको साग खेलकुद सरकारको मात्र नभएर सबै खेलप्रेमी देशवासी नेपालीहरुको पनि भएको हुनाले १३औं साग खेलकुदलाई भव्य बनाउन सबै लाग्नुपर्छ ।

साथै नेपालले २०२० लाई पर्यटन वर्ष घोषणा गरेको छ । खेलकुदको माध्यमबाट प्रचार प्रसार गरी खेलकुद पर्यटन समेत भित्र्याउन १३औं साग माध्यम बन्न सक्छ । सबैले मिलेर यो काम गर्नुपर्छ ।

# पोखरेल प्रतिष्ठान र दुध पोखरेलको उत्पत्ती बारे केही चर्चा

**मोहन पोखरेल**

**लेखक विगत ३५ वर्षदेखि नै पत्रकारितासँग आबद्ध छ र विशेषगरी समाचार विश्लेषकका रुपमा सबैले चिनेका पनि छन् । प्रतिष्ठानको कार्य प्रगतिका बारेमा गहिरो विश्लेषण गर्दै यसका गुण दोषहरु मिडियामा सार्वजनिक गर्नु मिडियाको धर्म पनि हो । यसो गर्दा सबै दुध पोखरेल बन्धु समाजभित्र जानकारी हुने र प्रतिष्ठानलाई सहीमार्ग दिन प्रेरित गर्ने वातावरण तयार हुनेछ ।**



मुलुकका विभिन्न भूभागमा छरिएर बसेका भारद्धाज गोत्रीय दुध पोखरेलहरुको पहिचानका साथ तिनीहरुको वंशावली तयार गरी एक अर्काकावीच आत्मिय भातृत्व कायम राख्ने उद्देश्यका साथ पोखरेल प्रतिष्ठान नामक एउटा संस्था खोलिएको जानकारीमा आएको छ । ढिलै भएपनि भाइचारा कायम गर्ने र आफूहरु बसोबास गरेको क्षेत्रमा कुलको पहिचान गरी पुस्ता कायम गर्ने र समग्रमा एउटै किसिमको वंशावली एकमुठ रुपमा निकाल्ने उद्देश्य यस संस्थाको रहेको देखिन्छ । यो समग्रमा अति नै राम्रो पक्ष हो । पोखरेल प्रतिष्ठानको आत्मैदेखि सराहना गर्नैपर्दछ । किनकी यस्तो पवित्र कार्यले सबै दुध पोखरेलहरुलाई एउटै मालामा गाँस्ने र माया ममताको भावनालाई प्रतिबिम्बित गर्दछ । सर्वप्रथम सबै दुध पोखरेलहरुको हक हित र उनीहरुको चाहना गरेको विषय वस्तुमाथि प्रतिष्ठानले ध्यान पुर्‍याउँदै जाने छ र छरिएर रहेका सबै दूध पोखरेलहरुको न्यायोचित व्यवहार गर्न सघाउ पुर्‍याउने छ भन्ने आशा गर्न सकिन्छ ।

सबैलाई यो अवगत भएको विषय होकि हामी दुध पोखरेल बन्धुहरु भारद्धाज ऋषिका सन्तान हौं । यो लेखक पनि यही भारद्धाज गोत्रीय वंशको हो । आफ्ना कुलको प्रतिमा स्थापना गरी सच्चा श्रद्धभावका साथ कुल देवको रुपमा आत्मैदेखि स्मरण गर्ने हामी वंशजहरुको धर्म हो र यसैमा हामी सबैको कल्याण छ । कुल धर्म छोड्नु र पुर्वजहरुको सम्मान नगर्नु महापाप मानिन्छ । यस्तो अविवेकी काम गर्न हाम्रो पोखरेलको संस्कारले पनि दिँदैन साथै हिन्दुत्वको वर्खिलाप पनि मानिन्छ । भित्रभित्र महापापको पोको पेटभित्र घुसारी राख्ने र बाहिर पद र प्रतिष्ठाको पगरी गुथ्दै आत्मसम्मान खोज्ने प्रबृत्ति भएका व्यक्ति पोखरेल प्रतिष्ठानमा अटाउन सक्दैनन् । कुनै पनि भाइटल पोष्टमा त्यस्ता खराब आचरण भएका व्यक्ति पोखरेल प्रतिष्ठानमा रहेका छन् भने तुरुन्तै तथ्य प्रमाणका आधारमा निष्काशित गरिदिनु पर्दछ ।

चितवनबाटै एकजना राजनीतिककर्मी नेताको पहलमा संस्था गठन गरिएको रहेछ । दुध पोखरेल वंशीय भएकाले होला संस्था गठन गर्दै कार्य समिति चयन गर्न उहाँकै ठुलो भूमिका रहेको देखिन्छ । भर्खर गठन गरिएको संस्था भएकाले यसलाई तदर्थ नै भन्नुपर्ने हुन्छ । भविष्यमा सदस्य संख्या बढाउँदै निर्वाचनको माध्यमबाट कार्य समिति चयन गर्ने र यस्तो समितिलार्य केन्द्रीयसम्म दिने तयारीमा तदर्थ समिति लाग्नु पर्दछ । वर्तमान तदर्थ समितिमा योग्य र प्रतिठित व्यक्तिहरु हुनुहुन्छ । उहाँहरुले प्रतिष्ठानलाई के कसरी दिगो र गतिशिल बनाउन सकिन्छ र आय श्रोतका बाटाहरु के हुन सक्छन् भन्ने तर्फ विश्लेषण गरी अवगत गराउनु वान्छनीय हुनेछ । सरकारसँग चिनिएका र कार्य सम्पादनमा दिग्गज मानिएका व्यक्तित्वहरु इस संस्थामा सहभागी हुनु भएकाले राज्य श्रोतबाट पनि संस्थाले फाइदा लिन सक्ने परिस्थिति हाम्रा सामु विद्यमान छ । लाभको पदमा रहेर संस्थाको सम्पत्ति हिनामिना गर्न सक्ने खालका एकाध व्यक्तिलाई उसको काम गराइको माध्यमबाट निकट भविष्यमै पहिचान गर्न सकिन्छ । यो लेखकलाई त्यस्तै केही शंका उब्जेको पनि छ । संस्थाले निकट भविष्यमै महायज्ञ गर्न लागेकोले त्यो समय सम्म सबै परिस्थितिको उजागार हुँदैजाला । अहिलेलाई यतिमात्र भन्न सकिन्छ कि पोखरेल प्रतिष्ठानले आफ्नो कुल धर्म सम्झँदै पूर्वजहरुको सम्मान गर्न सकोस् यसैमा सबैको कल्याण छ । किनकी हाम्रो प्रतिष्ठान हिन्दुत्वको पहिचान बोकेको संस्था हो ।

भोलिका दिनमा प्रतिष्ठानलार्य मिडियाकरण गर्दै पोखरेल बन्धु समाजभित्र अविश्मरणीय छाप छोड्ने सक्ने यस लेखकको धर्म हो । लेखक विगत ३५ वर्षदेखि नै पत्रकारितासँग आबद्ध छ र विशेषगरी समाचार विश्लेषकका रुपमा सबैले चिनेका पनि छन् । प्रतिष्ठानको कार्य प्रगतिका बारेमा गहिरो विश्लेषण गर्दै यसका गुण दोषहरु मिडियामा सार्वजनिक गर्नु मिडियाको धर्म पनि हो । यसो गर्दा सबै दुध पोखरेल बन्धु समाजभित्र जानकारी हुने र प्रतिष्ठानलाई सहीमार्ग दिन प्रेरित गर्ने वातावरण तयार हुनेछ ।

चितवनको गितानगरमा आगामी माघ ११ देखि १९ गतेसम्म पोखरेल प्रतिष्ठानले महायज्ञ गर्दैछ भन्ने सुन्दा हर्षको सिमा रहेको छैन । सबै पोखरेल बन्धुहरुको उक्त महायज्ञमा उल्लेखित सहभागिता रहने र परिचयको आदान प्रदान बन्ने अपूर्व मौका हो । यी त भए माटोमोटी तरिकाबाट प्रतिष्ठान सम्बन्धी लेखिएका केही सारांश । अव दूध पोखरेलको उत्पत्ति कहाँ र कसरी भयो भन्नेतर्फ विवचेना गरौं ।

**दुध पोखरेलको उत्पत्ति:**

पोखरेल वंशका पुराना बुढापाका अग्रजहरुको भनाई अनुसार स्याङ्जाको किचनास भन्ने गाउँमा आज भन्दा २५० वर्ष अगाडि भारद्धाज गोत्रीय वाग्लेहरुको बासस्थान थियो । त्यो अहिलेसम्म अद्यावधि छँदैछ । राजा रणबहादुर शाहको राज्यकालमा वाग्ले घर भएका व्यक्तिहरुको घरघरमा भैंसी दुहुन बस्दा रगतको धारा बग्दा वाग्लेहरु हैरान भएछन् । एकदिन सपनामा एकजना वाग्ले थरका व्यक्तिलाई किचनास कि थानपति देवीले पोखरेलको वंश स्थापना गरेर वाग्ले र पोखरेल थरका दुबैले मेरो देवीथान स्थापना गर्दै पूजा आजा गरेमा भैंसीको थुनबाट दुध झर्नेछ र वाग्ले र पोखरेल दुबै वंशको कल्याण हुनेछ र यसरी पुजा गर्दा कलिला १२ दिन ननाघेका पाठीको बलिदिनु पर्नेछ भन्दै देवी अलप भएको घटना सुनाउँछन् बुढापाकाहरु ।

वाग्लेहरुको एक हुल पोखरेल खोज्दै काली नदी पार गर्दै गुल्मीको मुसिकोट पुगेछन् । पोखरेल खोज्दै हिँडेका वाग्लेहरुले गाउँको एउटा पाखामा वाखा चराउँदै गरेको एउटा गोठालो केटालाई सोधेछन् र भनेछन्- बाबु, तिमी के जातका हौ ? र के थरका हौ ? केटाले सहजै उत्तर दिए- म दुध पोखरेल हुँ । के खोज्छस् काना आँखो भनेझै भयो वाग्लेहरुलाई । केटालाई सम्पत्ति दिन्छौं, विवाह गराइदिन्छौं भन्दै किचनास ल्याएछन् । तिनै बालक पोखरेललाई साथ लिँदै वाग्लेहरु थानुपति देवीको पूजा गर्न गएछन् । भोलिपल्टै वाग्लेहरुले पालेका भैंसीबाट रगतको सट्टा दूध झर्न थाल्यो र वाग्लेहरु खुसी भए । त्यसै बेलादेखि वाग्ले र पोखरेलका विचमा घनिष्ट सम्बन्ध रहँदै आएको छ । त्यसपछि ती बालक पोखरेललाई कलिलै उमेरमा वाग्ले थरका एकजना व्यक्तिले आफ्नी छोरीको विवाह गराइ दिएछन् । अरु वाग्लेले पनि जायजेथाबाट कटौती हुने गरी ५०० मुरी धान फल्ने खेत दाइजो दिएछन् ।

तीनै बालक पोखरेलका १३ औं पुस्तामा यो लखेक मोहन पोखरेल हिँडिरहेको छ । ती अग्रज पुर्वजप्रति मेरो हार्दिक श्रद्धासुमन । यतिखेर पोखरेल समाज किचनासले नागस्थान भन्ने ठाउँमा कुनै पुर्वजलाई कुल देवताको रुपमा पुजिरहेको छ । तेह्र पुस्तासम्मको नामावली मन्दिरमा अंकित भएकाले पूर्वजहरुको नाम यकिन हुन सकेन । हाँगा विगाहरु धेरै छन् । आगामी दिनमा सबै पुर्वजहरुको नामावली प्रतिष्ठानलाई उपलब्ध हुने नै छन् । धन्यवाद ।

# त्रिविवि र त्यसका आगिक क्याम्पसमा गुणस्तरीय शिक्षा नपाउनुको कारणहरु

**हेमजङ्ग कार्की**



देश र जनताको विचमा एउटा ठुलो झोलुङ्गे पुलको नाता र सम्वन्ध रहेको शिक्षा घर भनेको त्रिविवि र त्यस अन्तर्गतका क्याम्पसहरु हुन । जसले एउटा देश वदल्ने र देशको लागि आवश्यक जनशक्ती तयार पार्ने कारखाना हो । विश्व समुदायमा भएका र रहेका विकासका मुलभुत आधारहरुलाई अध्ययन एवं मनन गरी त्यसको पूर्णकालीन औचित्यको चमत्कार गर्ने र गर्न सक्ने बौदिक ज्ञानका खानी उतार्ने कार्य यस अन्तर्गत गरिन्छ । देशमा भएका जातियता, धार्मीक, एवं भौगोलिक अवस्थामा रहेका मानिस र धनी, गरिव, होचो अग्लो तथा पिछडीएको वर्ग भनी भेदभावको अवस्थालाई निर्मुल पार्ने, एक आपसमा सद्भावको वातावरण वनाउने, सम्पूर्ण क्षेत्र, जात अनी धर्मका मानिसको एउटै भावना, एउटै उदेश्य र देशको खातिर एक मुख रहि वस्ने र विकासको गोरेटेहरु खन्ने कुरामा एक सुत्र एवं धारमा जानको लागि तत्पर हुने एक महत्व पूर्ण संस्था हो त्रिविवि र त्यसका आँगिक क्याम्पसहरु । यसमा राम्रो प्राध्यापक, गुणस्तरीय प्राध्यापक, ब्यवहारीक प्राध्यापक उत्पादन गर्नको लागि गुणस्तरीय शिक्षा नपाउनुको कारणहरु यस प्रसार रहेका छन् ।

**१ बौद्धिक ज्ञान चोरी हुनु :**

बौद्धिक ज्ञानको परिभाषा केही प्राध्यापकहरुलाई थाहा समेत नहुन सक्छ । विद्याथीलाई बौद्धिक चोरी सम्वन्धी ज्ञान छैन, त्यो ज्ञान दिने प्राध्यापक पनि त्यस तर्फ अग्रसर भएको देखिदैन । बौदिक ज्ञान चोरी सम्वन्धी कुनै ठोस कानुन नभएको कारणले होला आरोप लागेका मानिस समेत अझै विहान वेलुका क्याम्पसमा गएको आएको देखिन्छ । कृतिचोरीले अन्य देशमा ठुला ठुला अवसर आउँदा पनि त्यो अवसर गुमाउनु परेका घटना अमेरीका, वेलायत, सिंगापुर लगाएत अन्य युरोपियन मुलुकमा प्रसस्त मात्रामा रहेको देखिन्छ । जस्तै : उदाहरणको लागि अमेरीकाका जो बाईडेल सन् १९८८ को राष्ट्रपति चुनावमा डेमोक्रेटीक दलको तर्फबाट उमेद्वार दिएका थिए र उनको राष्ट्रपतिको लागि उनिको नाम चर्चामा आएको थियो । उनले दम्दार भाषण दिए, उक्त भाषण वेलायती राजनीतिज्ञ निल किन्नकको भाषणमा धेरै मेल खान गएको भनि उमेद्वार दिएको ४ महिना नपुग्दै भाषण चोरीको मुद्धा लागे पछि उनिले उमेद्वार फिर्ता गरेका थिए । यहाँ त्रिविविका उपकुलपति तिर्थ खनियालाई कृति चोरीको आरोप समेत लागेको थियो र त्यो आरोपको कुनै सुनुवाई र कारवाही नभएको पाईन्छ । त्यस कारण बौदिक प्राध्यापकहरुले समेत राम्रो कामको लागि र प्राध्यापनको लागि मस्तिमारेको कारणले गर्दा गुणस्तरीय शिक्षा नपाउनुको कारण हो ।

**२ प्राध्यापकको बौदिक शोषण ।**

हाम्रो सवै भन्दा ठुलो र पुरानो त्रिविवि अन्तर्गत रहेका आँगिक क्याम्पस ६० वटा रहेको पाहिन्छ । नेपाल आंसिक प्राध्यापकसंघका अनुसार त्यसमा पनि १२०० आंशिक प्राध्यापकहरु कार्यरत रहेको पाहिन्छ । त्यस अन्तर्गत नेपालका प्रमुख आंगिक क्याम्पसहरु मध्ये त्रिचन्द ब. क्याम्पस काठमाण्डौमा २४०, पृथ्वीनारायण ब. क्याम्पस पोखरामा १७०, विरेन्द्रनगर ब. क्याम्पस तिचवनमा ८०, पद्मकन्या ब. क्याम्पस काठमाण्डौमा ७५, नेपाल कर्मस क्याम्पस मिनभवनमा ७५ सानोठिमी क्याम्पस भक्तपुरमा ४५, महेन्द्र ब. क्याम्पस नेपालगञ्जमा ७७, महेन्द्र ब. क्याम्पस विराटनगरमा ४०, ठाकुरराम ब. क्याम्पस विरगञ्जमा ४०, वुटवल ब. क्याम्पस वुटवलमा ६५, रत्नराज्य क्याम्पस काठमाण्डौमा ३०, पाटन संयूक्त क्याम्पसमा २९ र डडेलधुरा क्याम्पसमा ९ जना आँशिक प्राध्यापकहरु रहेको पाइन्छ । जो तथ्याङ्क १ बर्ष अघि लेखिएको ( श्रोत डा. विष्णु प. पोखरेलको लेखमार्फत ) । यी माथि उल्लेखित प्राध्यापकलाई विभिन्न समयमा सरकारले बार्ता गर्‍यो, छलफल गर्‍यो, तर सुनुवाई नभएको कारण, अनी उनिहरुले त्यस क्याम्पसमा पढाएको पनि १० औ वर्ष हुदाँ पनि उनिहरु न्यून जेलामा काम गर्नु पर्ने र आफ्नो गुजराको लागि अन्यत्र ध्यान केन्द्रित गर्दाको परिणामले गुणस्तरीय शिक्षाको अभाव भएको देखिन्छ ।

**३) राम्रो भन्दा हाम्रो प्राध्यापक छान्ने प्रवृती हुनु ।**

राज्यको नीति एवं खस्किदो राजनीतिले गर्दा यहाँ यो पार्टी र त्यो पार्टीमा लागेका मानिसलाईमात्र आँशिकमा राख्ने प्रचलन रहेको हुँदा बास्तवीक एवं पार्टीको पत्र नकाटेका र नहिडेकाले त्यस स्थानमा जागिर गर्न या आफ्नो अलौकिक धारणा विद्यार्थीमा राख्नको लागि नपाउनु, पार्टीमा रहेका र १, २ दिन जेल गएका मान्छेको ठुलो देन हुन्छ भनी उसलाई नियूत्ती दिनु, करारमा छिर्नको लागि भेटि चढाउनु, पार्टी नै परिवर्तन गरी झण्डा फरफरायर हिड्ने र नियूत्ती पाउने या करारमा छिर्ने प्रविधिले गर्दा आज गुणस्तरीय शिक्षाको अभाव भएको देखिन्छ ।

**४) राजनीतिक हस्तक्षेप वढोत्तरी हुनु ।**

राजनीतिक क्षेत्र जसको पोल्टामा सत्ता आयो त्यासको मान्छे राख्ने प्रवृति रहेका कारण, असक्षम मानिस पनि सक्षम छ भन्दै ठाडो नेताको आदेशमा पढाउनको लागि अनुमती पाउने, मन परेका र आफन्त भएका मान्छे बौदिक एवं मन नपरेका सबै असक्षम भन्ने ब्यवहारको वृद्धि हुनुले गर्दा गुणस्तरीय शिक्षाको अभाव भएको देखिन्छ ।

५) अपराधीक कार्यको संरक्षण र राम्रो कामको प्रशंशा नहुनु ।

जुन कार्य गर्नु भनेको हुन्छ त्यो नगर्ने र जुन कार्य गर्न हुदैन भनेको छ त्यो गर्ने मान्छेलाई अपराधिको संज्ञा दिएको पाहिन्छ । समाजमा अपाच्य र अब्यवहारीक काम कार्य गर्ने मानिसहरुलाई प्रोत्साहन गरेको पाहिन्छ, संरक्षण गरेको पाहिन्छ । तर राम्रो काम गर्ने मानिसले कहि कतै न त पुरस्कृत न त प्रोत्साहन नै गर्छन । यस्तो अवस्थामा रहेका बौदिक प्राध्यापकहरु विद्यार्थीको लागि जति दिनु पर्ने ज्ञान हो त्यो ज्ञान दिनको लागि कन्जुस्याई गर्ने, आफ्नो मन प्रफुल्ल पारी काम कारवाही गर्न समेत रक्तसंचार चुस्त दुरुस्त नभएको कारणले गर्दा गुणस्तरीय शिक्षाको अभाव भएको देखिन्छ ।

निकर्षमा भन्नु पर्दा : माथि उल्लेखित विकासका बाधकहरु रहेका र देखिएका जुन कारणहरु छन ति कारणहरु प्रति सकरात्मक तरिकाले त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा कार्यरत जुन सुकै स्थाई, करार र आँशिक प्राध्यापकहरुको मनोवल बढ्ने कार्य प्रति सरकार र सम्वन्धीत क्षेत्रको ध्यान गएको खण्डमा शिक्षामा गुणस्तर, देशमा अव्वल मानिसको जन्म हुने, विकासको आधारशिला तदारुक्ताको साथ अगाढी वढ्ने र देश समृद्ध हुनेमा कुनै दुई मत नहोला ।

*चिसंखुगढी ८, ओखलढुङ्गा*
*हाल काठमाण्डौ*

# फुटवेयर जोन चाँडै सम्पन्न हुन्छ

**फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएशन अफ नेपालको १८औं बार्षिक साधारणसभा धुलिखेलको हिमालय होराइजन होटलमा सम्पन्न भएको थियो । उक्त अवसरमा फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएशन अफ नेपालका निवर्तमान अध्यक्ष तथा उद्योग बाणिज्य महासंघका वस्तुगत तर्फका केन्द्रीय सदस्य रविन कुमार श्रेष्ठसँग हामीले कुराकानी गरेका थियौं । उहाँको भनाई यहाँ प्रस्तुत गरेका छौं ।**



**रविन कुमार श्रेष्ठ**
**निर्वतमान् अध्यक्ष**
**फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएशन अफ नेपाल तथा उद्योग बाणिज्य महासंघ वस्तुगत केन्द्रीय सदस्य**

**० अहिले फुटवेयरको अवस्था कस्तो छ ?**

जुत्ताको क्षेत्रमा अहिले नेपाली प्रडक्टहरुको भविष्य राम्रो छ । तर भविष्यसँगसँगै चुनौती धेरै छन् । अवसरसँग चुनौती आउनु स्वभाविकै हो । समग्रमा भविष्य राम्रो छ ।

**० नेपाल सरकारकै सक्रियता र तपाइको अध्यक्षताकै कार्यकालमा फुटवेयर जोन निर्माण गर्ने पहल भएको थियो मैले यो भन्दा झण्डै २ वर्ष अगाडि पनि फुटवेयर जोन कहिले बन्छ भनेर सोधेको थिएँ ?**

हिजोको दिनमा सरकारसँग समेत समस्या थियो । कन्भिन्स गर्नलाई मेरै पालामा सरकारलाई कन्भिन्स गरेर फुटवेयर जोन निर्माण गर्न पहल गरेको थिएँ । सरकार सहमत भए पछि उद्योगी व्यवसायीले जग्गा खोज्ने र सरकारले पूर्वाधार निर्माण गरिदिने योजना अगाडि बढेको छ । यति बेला जग्गा लिँदा ठुलो एरिया भएको हुनाले चुनौतीहरुसँग हामी फेस गरिररहेका छौं अहिले एशोसिएशनले यसको जिम्मा पनि मलाई नै दिएको छ । यो लगभग अन्तिम अन्तिम चरणमा पुगिसकेको छ । नेपाल सरकराले पनि उद्योग मन्त्रालय लगायत स्थानीय सरकारसम्म बजेट छुट्याइसकेको छ । यी प्रारम्भिक कामहरु सकेर हामी चाँडै फुटवेयर जोन बनाउँछौं ।

**० हिजो तपाइहरुको उद्घाटन शत्रमा कुराहरु उठेका थिए । जुत्ता उत्पादक उद्योगहरुले उत्पादन गरेका जुत्ताहरुको लागि समस्या आएको छ । एउटा नामै चलेको उद्योगले त एकहजार कामदार कटौती गर्नु परेको भन्ने धारणा राखेका थिए माथि तपाइले अवसर र चुनौती भन्नु भएको थियो त्यो चुनौती के हो ?**

जुन कम्पनीको तपाईले नाम लिनुभयो उहाँको कम्पनी हिजो नेपालमा ठुलो उद्योगको रुपमा थियो आज पनि छ । त्यो उहाँले किन एकहजार कामदार कटौती गर्नुपर्यो भनेर कारण पनि भन्नु भएको होला त्यो विषयमा उहाँको धेरै जति इन्डियामा निर्यात हुन्छ । इन्डियाले गरेको नाकाबन्दीको बेला उहाँले त्यो सामान निर्यात गर्न नपाएपछि त्यो भ्याकुम यहाँको लोकल इन्ड्ष्टिजले खाइदिने भएको कारणले उहाँको त्यो समस्या भएको हो । तथापि नेपाली मार्केटमा ग्यापिटली मार्केट गरिराख्नु भएको छ । अहिले हजारजना कामदार निकाले पनि सर्टेन टाइममा फुलफिल गर्न सक्नुहुन्छ त्यो एउटा कुरा हो । अर्को हाम्रा उत्पादनहरु अब लक्जरी निडमा होइन बेसिक निडमा गइसक्यो अर्कोतर्फ हिजो हुने खाने वर्गले मात्र जुत्ता लगाउँथे भने आज गाउँगाउँमा सबैले लगाउँछन् त्यसमा पनि आज ६०-७० लाख युवाहरु विदेश गएका छन् । उनीहरु पनि त हाम्रा ग्राहक हुन् । त्यसकारण मार्केटमा पनि ठुला उद्योगहरु प्रतिस्पर्धामा आएका छन् । अर्को अवसरका रुपमा नेपाल सरकारले पोटेक्शनको रुपमा त भनि नहालौं स्वदेशी उद्योगको लागि भनेर दुईचारवटा नीति नियम ल्याएका छन् । जुत्ताको सन्दर्भमा विदेशबाट आउने आयातित वस्तुमा १० प्रतिशत भन्सारदर बढाइदिएको छ । त्यसकारण त्यो महँगो पर्न गयो । हाम्रो एशोसिएशनले बारम्बार उठाइरहेको कुरा चोरी पैठारी यसमा सरकारले अलिकति कान ठाडो पारेर हेरेको र जुन ढंगले विगतमा ठेक्का प्रथाबाट चोरी पैठारी भएर आएका वस्तुले असर गर्थ्यो त्यो छैन । अहिले आयात र निर्यातको डाटा हेर्नुहुन्छ भने भोलुमको हिसावमा घटेको छ । प्राइजको हिसाबमा बढेको छ । अर्को म्यानुफ्याक्चरिङ्गमा सेल गरी आएका छन् अर्को चाइनामा अहिले जुत्ता सम्बन्धी डाइभर्ट गर्दै लगेको अवस्था छ । जस्तै भियतनाम, कम्बोडिया, चाइनिजहरु आएर हाम्रो अपेक्षा यहाँको इन्डिपेनरहरुसँग हातेमालो गरेर इन्डिया मार्केटलाई तारगेट गर्यो भने त्यो हबले पनि काम गर्छ । नेपालको लागि यो पनि अवसरको रुपमा हुने सम्भावना छ । त्यो कति सम्म हुने हो त्यो बेग्लै कुरा हो ।

**० नेपालका उद्योगीहरुले सरकारलाई स्वदेशी उद्योगलाई हेरेन, संरक्षण गरेन भनेर आरोप लगाउँछन् । तर ती स्वदेशी उद्योगहरुमा कामदार चाहिँ विदेशी राखिएका छन् । हुलास स्टिल कारखानाबाट त नेपाली सबैलाई निकालेको समाचार आएको छ । सर्वोच्चले समेत नेपाली कामदारको पक्षमा फैसला गरेन । म्यानुफ्याक्चर्स एशोसिएशन अफ नेपाल हाम्रो बेरोजगार युवाहरु लाखौंको संख्यामा लाइन लागेर विदेश गइरहेको अवस्थामा कस्तो भूमिका खेल्न सक्छ ?**

नेपाली श्रमिकहरुको बारेमा यहाँले कुरा उठाउनु भयो एकदम जायज कुरा हो । भरसक नेपाली कामदारहरुलाई नै प्राथमिकता दिनुपर्छ भन्ने हाम्रो मान्यता हो । त्यो हुलास स्टिलमा के भयो मैले पनि तपाईमार्फत सुनेको हो । म त्यस विषयमा जानकारी नभएको हुनाले बोल्न उचित ठानिन । हिजोको दिनमा जस्तो नेपालीहरुले यो हड्ताल गर्छ, डिस्टर्व गर्छ भन्ने छैन, यो पोलिटिक्स हुने त्यस्तो ४-५ बर्षदेखि म आफैले देखेको छैन अनुभव गरेको छु । एकातिर विदेश जाने अर्कोतिर विदेशी कामदार राख्नुपर्ने अवस्था छ एउटा चाहिँ कस्तो भने कल्चर भइसक्यो ठाउँठाउँमा मेरो छोरा दुबईमा छ, क्यानडामा छ भनेर धाक लगाउने चलन छ । यहाँ त्यत्ति नै पारिश्रमिक पाएपनि काम नगर्ने त्यही नेपाली नेपालमा काम गर्दा प्रडक्ट गर्दा १८ प्रतिशत भन्दा ग्रोथमा जान नसक्ने र त्यही नेपाली मलेसिया, थाइल्याण्ड गयो भने हाई प्रडक्सनमा लाग्ने पहिलादेखिको परिपाटी छ । त्यो हाम्रोमा पनि छ । सबैभन्दा ठुलो समस्या एउटा खुट्टा घिसारेर जवसम्म बाहिर देश जान पाउँदिन त्यो दिन सम्मको लागि मात्र काम गर्छु भनेर सोच राख्छन् । त्यसकारण पनि हामीले विदेशी कामदार राख्नुपर्ने बाध्यता छ । हाम्रो जुत्ता उद्योगहरुमा पनि ओभरअलमा २५ देखि २८ प्रतिशत कामदार विदेशी राख्नु परेको छ । विडम्बना के छ भने त्यही भारतीय कामदारले महिनामा २५ देखि ३० हजार आइसी हामीबाट कमाएर लिएर जान्छ नेपाली रुपैयाँ झण्डै ४० हजार हुन आउँछ । त्यही ४० हजार कमाउन हाम्रो नेपाली लाख रुपैयाँ तिरेर ४० डिग्री तापक्रममा गएर काम गर्छन् । यो विडम्बना हामीले पनि चिर्न सकिराखेका छैनौ कन्भिन्स गर्न सकिराखेका छैनौं । म उद्योग बाणिज्य संघको एलेक्स भन्ने प्रोग्राम छ मेनेजमेन्ट हामीले हेर्छौं, यो मिस प्याज कसरी सल्टाउने भन्नेतर्फ लागिरहेका छौं ।

**० बीचमा रोक्न चाहे, नेपालमा थुप्रै पार्टी विशेषत मजदुर संघ, संगठन छन् ती संगठनहरुसँग तपाईहरुको समन्वय परामर्श हुँदैन ?**

टुबी फ्याङ्ग उनीहरुसँग स्यालरी बढाउने बेला र कुनै प्रबलम पर्दा मात्र भेटघाट हुन्छ यो टसल बढेको बेला नत्र भने न उहाँहरुले यसरी जाउँ भनेर आउनुहुन्छ न त हामीले उहाँहरुसँग जाँदा त्यस्तो मैले चाहिँ अहिलेसम्म पाको छैन ।

वास्तवमा तपाइले कुरा उठाउनुभयो यो चाहिँ हुनुपर्ने । मजदुर नेताहरुमा यो चेतना चाहिँ आउनैपर्छ मजदुर नेताहरु हक अधिकारका निम्ति कुरा गर्न र देशका मजदुरहरुलाई आफ्नै देशमा संरक्षण गर्न र भोलिका दिनमा आउने समस्याका बारेमा समेत बढी उदाहरण जानकार रहनुपर्छ ।

**० मैले उद्योगलाई नै जोड्न चाहेँ हाम्रो नेपालमा कुनै त्यस्ता उल्लेख गर्न लायक उद्योग नभएपनि एउटा व्यक्तिले १८ करोड पर्ने विदेशमा बनेको गाडी किनेर चढिरहेका छन् भने स्वदेशी उत्पादनलाई छोडेर ब्रान्डेड भनिएका एडिडास, नाइक, पुमाजस्ता कम्पनीका बस्तु किनेर लगाउँछन् तिनीहरुलाई माथ खुवाउने गरी स्वदेशी उत्पादनले उत्कृष्ठ उत्पादन गर्ने र तरिका मिलाएर सबै नेपाली नेपालको ब्राण्ड साच्चै नै उत्कृष्ट छ भन्ने विश्वास जित्ने वातावरण कहिले पुरा गर्छौं ?**

केही कुराहरु तपाईले अहिले नै मान्नुपर्छ २०५० सालपछि बाँसबारी छालाजुत्ता बन्द भएपछि निजी क्षेत्रका प्रडक्ट हेर्नुहुन्छ भने व्यापार आफनो ठाउँमा छ तर हिजोको दिनमा नेपाली जुत्ता भन्दा नाक खुम्चाउने ग्राहकहरुको लागि आज नेपाली जुत्ता नै चाहिन्छ भन्ने हामीले बनाएका छौं । सयप्रतिशत किन नेपाली नै बनाइएन भन्ने कुरामा चाहिँ मेरो फरक मत छ । चाइना विश्वकै सबैभन्दा उत्पादन गरेर निर्यात गर्ने भएता पनि त्यहाँ पनि अरु देशका ब्राण्ड विक्छन् त्यसकारण विश्व उदारीकरण बजारमा स्वदेशी सक्षम हुने हो भने विदेशी किन ल्याउने भन्ने चाहिँ सम्भव हुँदैन तर ग्राहकको मन जितेर आफ्नो ब्राण्डको वर्चश्व कायम गर्न भने सकिन्छ ।

**० तपाई फुटवेयर एशोसिएशन अफ नेपालको तर्फबाट बेलाबेलामा महत्वपूर्ण भूमिका खेल्नुभएको छ । अर्कोतर्फ उद्योग बाणिज्यसंघको वस्तुगत तर्फ केन्द्रीय सदस्य हुनुहुन्छ । फुटवेयर जोन अवधारणा तपाईकै पालमा भएको थियो विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने फुटवेयर जोन कहिले सम्पन्न हुन्छ ?**

फुटवेयर जोनको अध्यक्ष म नै छु । अवको ४-५ वर्षमा यो सम्पन्न हुन्छ । त्यो सम्पन्न भएपछि अहिले जुन खालको म्यानुफ्याक्चरिङ्ग कष्ट लागिरहेको छ । त्यो जोन निर्माण पछि लागत घट्छ प्रतिस्पर्धाको भावना स्वास्थ्य कम्पिटिशनको भावना साथै हामीलाई र मेटेरेल अति आवश्यक पर्छ जुत्तामा त धेरै प्रयोग हुने र त्यसको लागि हामीले झापामा १५ सय रोपनी क्षेत्रफलमा शुरु पनि गरिसकेका छौं । अर्को ग्लु भनिन्छ त्यो हामीले भियतनामबाट मगाउँछौं त्यो अवको ६ महिना पछि कम्प्लिटली बन्द गर्छौं २ वर्ष भित्रमा सोलमा पूर्ण आत्मनिर्भर हुन्छौं अर्को छालालाई हामीले कसरी उत्पादन गर्ने नेपालकै छालालाई पनि कसरी प्रयोग गर्न सकिन्छ म एफएनसिसीआइको पनि सदस्य भएको हुनाले एफएनसिसीआई पनि राखेर प्रयास गरीराखेको छु । हाम्रो आश के छ भने नेपाली प्रडक्ट सबै नेपाली कच्चा पदार्थ बन्न गयो भने भोलि हामी अन्तराष्ट्रिय मार्केटमा पनि सष्टेन गर्न सक्छौं । हाम्रो प्रडक्ट गार्भेन र कारपेट होइन भ्यालुलेस हुने भ्यालुयाड हो । यसैमा लागिराखेका छु भन्दै जाँदा गर्दै जाँदा हामी अन्तर्राष्ट्रिय मार्केटमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण बन्दै गएको छ । बनाउँदै लगेका छौं ।

**० तपाई एफएनसिसीआईमा केन्द्रीय सदस्य हुनुहुन्छ अव त्यहाँ अधिवेशन हुन गइरहेको छ त्यहाँ तपाईको भूमिका के हुन्छ ?**

एफएनसिसीआईको अधिवेशन त नियमित प्रक्रिया नै हो । म हिजो फुटवेयरको अध्यक्ष भएर यता एफएनसिसीआईमा पनि लागिराखेको थिए अव त टुबी फुटवेयर र एफएनसीसिबीच कसरी काम गर्न सकिन्छ भनेर झनै सजिलै काम गर्न सक्छु ।

**० एफएनसिसीमा तपाईको आकांक्षी पनि हुनुहुन्छ कि ?**

अवश्य फुटवेयरबाट प्रतिनिधित्व गर्दै एउटा संस्थाबाट ठुलो संस्थामा त्यहाँ पनि फुटवेयरलाई कसरी उत्कृष्ठ बनाउन सकिन्छ भनेर लागिराखेकै छु । र मेरो पदीय कुरामा विगतमा केन्द्रीय सदस्य र दुई कार्यकाल नभई माथिल्लो पदमा जान सकिँदैन । केन्द्रीय सदस्य नै हो गएको निर्वाचनमा पनि हाम्रो प्रतिस्पर्धामा इक्वाइल मत आएर गोलाप्रथा गर्नुपर्ने अवस्था आयो लकले साथ दियो अव त्यस्तो नहोस् भनेर सचेत भई काम गरिराखेको छु मलाई मेरो संघबाट सहयोग पाइराखेको छु ।

**० अन्त्यमा**

यो महत्वपूर्ण अवसरमा तपाईहरुले हाम्रो कुरा बाहिर ल्याइदिन यो भूमिका खेल्दै हुनुहुन्छ । सरकार पोजिटिभ भएको बेला त्यसका लागि विशेष धन्यवाद अर्को कुरा हाम्रो फुटवेयर क्षेत्रलाई यहाँसम्म ल्याइ पुऱ्याउन सञ्चार माध्यमहरुको महत्वपूर्ण भूमिका छ, सञ्चारमाध्यम प्रति आभार व्यक्त गर्दछु ।

# लालीगुँरास सहकारीको २० औ साधारणसभा सम्पन्न

**ललितपुर ।** ललितपुर-३, लयिलतपुर महानगरपालिका वडानम्बर ३ पुल्चोकस्थित लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २०औं बार्षिक साधारण सभा सम्पन्न भएको छ । पुर्वप्रधानमन्त्री एवं समाजवादी पाटीका अध्यक्ष डा. वावुराम भट्टराईकोको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा उहाले देशको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको सहकारीको विकासमा सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । उहाले सहकारी क्षेत्रमा श्री लालीगुराँस सहकारीले गरेको योगदानको कदर गर्नुभयो । उहाले सकाकारले सहरकारीको योगदानको विषयलाई बिर्सन नहुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका संचालक समितिका अध्यक्ष अमरदास श्रेष्ठले आव ०७५/०७६ मा सहकारीले गरेको उपलब्धी, भावी योजना, सम्भावना र भविष्यमा आउन सक्ने चुनौतिको बारेमा जानकारी गराउनुभयो । संस्थाले नेपालको समग्र सहकारी बजारमा कुल कारोबार, चुक्ता पूँजी, निक्षेप संकलन, कर्जा लगानी, मुनाफा आर्जन, नेपाल सरकारलाई राजश्वमा गरेको योगदान, रोजगारी लगायत अन्य विविध क्षेत्रमा गरेको उल्लेखनीय कार्यहरूमा मेत अग्रणी स्थान लिन सफल रहेको उहाको थियो । संस्थाका सचिव एवं प्रमुख कार्यकारी निर्देशक सुरेन्द्र भण्डारीले देशभर संचालित करिब ३५हजार सहकारी मध्य लालीगुराँस बहुउद्धेश्यीय सहकारी संस्था लि. उत्कृष्ट संस्थाको रुपमा पहिचान बनाउन सफल रहेको बताउनुभयो । उहाले सहकारी संघ संस्थाहरुबाट प्रत्यक्ष रुपमा ३ लाख भन्दा बढी व्यक्तिहरुले रोजगारी प्राप्त गरेका जानकारी गराउनुभयो । देशका कुल ग्रहस्थ उत्पादनमा करिब ५ प्रतिशत योगदान गरेको सहकारीले स्थानीय तहमा युवा,महिला वृद्धवृदाको उल्लेख्य सहभागिता बढेको बताउदै सहकारीकै क्षेत्रको विकासको कारण देशको आर्थिक अवस्थामा सुधार आएको जानकारी दिनुभयो ।

सहकारीमा करिब साढे ६ खर्ब भन्दा बढी बचत र ७ अर्ब रुपिया भन्दा बढी ऋण परिचालन भएको छ । उहाले देशभरका सहकारीमा करिब ६५ लाख भन्दा शेयर सदस्यहरुको आवद्धता रहेको जानकारी दिनुभयो । सहकारी मार्फत देशको आर्थिक विकास गर्नको लागि सहकारी मैत्री कानून निर्माण गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले सरकारको तीन खम्बे अर्थ नीतिको लक्ष्य पुरा गर्न सहकारी क्षेत्रमा लगानी बृद्धि गरी देशको विकास सम्भव रहेको जानकारी दिनुभयो ।

संस्था स्थापना भएको दुई दशकमा सहकारीको शेयर सदस्यको संख्या बढेर करिब २१ हजार पुगेको छ । संस्थाले आफ्नो लगानीमा चितवनको खैरहनीमा देशकै सर्वाधिक ठूलो गाई फार्म संचालन गरेको, अस्पताललाई थप गुणस्तरीय सेवा उपलब्ध गराउन सहकारी संस्था मार्फत आफ्नै भवनमा अस्पताल संचालन गर्ने तयारी गरेको, ३६ जिल्लामा सदस्य सुविधा संचालन गर्ने अनुमति पाएको संस्थाले यो वर्ष करिब आधा दर्जन जिल्लामा सदस्य सुविधा काउन्टर संचालन गर्ने तयारी गरेको छ ।

फागुन महिनासम्म संचालनमा ल्याउने तयारी सहित ललितपुरको गोदावरीमा लालीगुराँस दुग्ध प्रसोधन उद्योगको निर्माण कार्य भैरहेको जानकारी गराइयो । सस्थाले गरेको योगदानको कदर गर्दै गतवर्ष प्रदेश ३ बाट उत्कृष्ट सहकारी व्यावसाय पुरस्कार-२०७५ प्राप्त गरिसकेको छ ।

संस्थाले शेयर सदस्यको माग अनुसार सुविधा दिन ललितपुरको चापागाँउ, काठमाडौंको चाबहिल र न्युरोड, भक्तपुरको कौशलटार र चितवनको पर्सा सदस्य सुविधा काउण्टर संचालन गरीसकेको छ । यो वर्ष भित्र काठमाडौंको नयाँ बजार, र महाराजगंज, भक्तपुरको सुर्यविनायक, ललितपुरको कुमारीपाटी, चितवनको भरतपुर, गण्डकीको गोरखा, कास्कीको पोखरा,गोरखाको सिरानचोक र मकवानपुरको हेटौडामा सदस्य सुविधा काउन्टर संचालन गर्ने तयारी गरेको छ ।

# हाम्रा पुर्वजहरु नै हाम्रो इतिहासका धरोहर हुन्

**शान्तप्रसाद पोखरेल पोखरेल प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ । अर्घाखाँची जिल्ला पाणिनी गाउँपालिका–६ मा उहाँको जन्म भएको हो । उहाँ हिन्दुत्वको पहिचान बोकेको व्यक्ति तथा समाजसेवी हुनुहुन्छ । उहाँको हालको बसोबास भारतपुर महानगरपालिका वडा नं. २ आदर्शनगर क्षेत्रपुरमा रहेको छ । प्रस्तुत छ, पोखरेल प्रतिष्ठान सम्बन्धी समसामयिक विषयमा उहाँसँग लिइएको अन्तरवार्ता:–**



– शान्तप्रसाद पोखरेल

**० पोखरेल प्रतिष्ठान गठनको मुल उद्देश्य के हो ?**

एकीकृत पहिचान हाम्रो अभियान भन्ने मुल उद्देश्यका साथ पोखरेल, वंश, परम्परा, इतिहास, धर्म, संस्कृति, मौलिक र शास्त्रीय विधिबाट प्रमाणित, छरिएर रहेका हाम्रो पोखरेल (भारद्धाज) गोत्रीय दाजुभाई, दिदीबहिनीहरुको गोत्र एउटै ऋृषि, एउटै विधि कार्यशैली फरक फरक किन त ? भन्ने सबैको समग्र समाधानका लागि साथै पोखरेल, पोख्रेल, पानी दूधको भिन्नतालाई सत्यतथ्य अनुसन्धान गरी हाम्रा पूर्वजहरुको एकिन पहिचान गरी हाम्रो इतिहास, हाम्रो ऋृषि तथा परम्परालाई एकरुपतामा ल्याउने यो प्रतिष्ठान २०७३ भदौ २४ र २५ गतेको एक भेलाले धेरै छलफल पछि यसको गठन आवश्यकता महशुस गरी स्थापना गरिएको हो ।

**० छरिएर रहेका दुध पोखरेलहरुको वंशावलीका बारे के कस्ता कार्यक्रम ल्याउनु भएको छ ।**

नेपाल मात्र नभई अवको अवस्थामा विश्वभरी छरिएर रहेका पोखरेल भारद्धाज गोत्रीय बन्धुहरु आआफ्नै शैलीमा कुलपूजा, गुठी पूजा, अष्टपूजा आदी फरक फरक तरिकाबाट गरिएका छन् । हामीले एउटै भारद्धाज ऋृषिलाई पुग्ने गरेका छौं । ऋृषिलाई अर्पण गर्दा बोका, खीर, रोटी, आदी नैवेद्यले फरक फरक समयमा पूजा गर्ने चलन एक अर्काका विच रहँदै आएको छ । वर्तमान अवस्थामा सबैलाई समान हुने गरी सबै गाउँनगरमा स्थापित समितिलाई मान्यता दिएर बंशावलीको स्वरुपलाई एकीकृत गर्ने लक्ष्य छ । नेपाल भरीका स्थानीय कुलपूजा, गुठी पूजा, वंशावली मूलआधार मानेर प्रकृया अघि बढाउने र त्यसको प्रतिवेदन विज्ञहरुलाई हस्तान्तरण गर्ने लक्ष्य लिएका छौं । प्रतिवेदन पश्चात केन्द्रीय भेलाको सर्वसम्मत समर्थन नै प्रतिष्ठानको कार्यक्रम भित्र पर्दछ ।

**० दूध पोखरेलको उत्पत्ति कसरी र कहाँबाट भयो ? अनुसन्धान गर्नुभएको छ ?**

यही प्रश्न सबै भन्दा जटिल र कठिन छ । यसको समाधान ऐतिहासिक धर्म सस्कृति पौराणिक, मौलिक तथा शास्त्रीय बिधिबाट खोज तथा अनुसन्धान गरिनुपर्दछ । हाम्रा पूर्वजहरुको परम्परागत विधि अनुसार पूजा भएको लगभग ६० जिल्लाका प्रतिनिधि र आधिकारिक रुपमा प्रतिष्ठानको सदस्यको रुपमा संगठनको जिम्मेवारी लिई संस्थाको उद्देश्य अनुरुप काममा लागेको अवस्थामा छ । त्यहाँबाट प्राप्त अभिलेख हाम्रो संस्थाको मुल पूँजी हुनेछ । हाम्रा पूर्वजहरु नै हाम्रो इतिहासका धरोहर हुन् । पोखरेल वन्धुहरुको घरघरबाट उपलब्ध हुने दस्तावेजको पूर्ण अध्ययनपछि विशेषज्ञहरुको टिमले यसलाई पूर्णता दिनेछ । भारद्धाज गोत्रीय पोखरेल प्रतिष्ठानको केन्द्रीय साधारणसभा तथा दोश्रो अधिवेशनबाट सल्लाहकार समिति र टेलिफोन डाइरेक्टरी प्रकाशन समितिको चयन गरिएको छ ।

**० पोखरेल प्रतिष्ठानको कार्यालय स्थापना र खर्चको के कस्तो व्यवस्था गर्न लाग्नु भएको छ ?**

कार्यालय भरतपुर-६ स्थित भारद्धाज ऋृषिको प्रागङ इन्द्रपुरीमा रहेको छ । सबै काम त्यहीबाट संचालन भएको छ । रकम नपुग भएको अवस्थामा सबैसँग अनुरोध गर्ने र जुन कामको लागि लिइन्छ त्यो पुरा गर्ने लक्ष्य लिएका छौं । लेखा राख्ने गरी केन्द्रीय, क्षेत्रीय र साधारणसभाहरुको भएको अवस्था छ ।

**० पोखरेल प्रतिष्ठानले आयोजना गर्न लागेको महायज्ञको औचित्य र विशेषताबारे केही बताइ दिनु हुन्थ्यो की ?**

धार्मिक, आर्थिक, आध्यात्मिक, सांस्कृतिक सब पक्ष यसैभित्र रहेर गर्ने कार्य नै महायज्ञ हो । महायज्ञको औचित्य नै भारद्धाज गोत्रीय पोखरेल बन्धुहरुको उपस्थिति नै हो । नेपालभरीका हाम्रो दाजुभाई दिदीबहिनीको एउटा उपस्थिति नै महायज्ञको पहिचान भइहाल्नु हो । हामी भारद्धाज ऋृषिका सन्तान हौं । एउटै आँगनमा निकट भविष्यमा नाच्दै गाउँदै रमाउने छौं । हामीले यस महायज्ञलाई महोत्सवका रुपमा हेर्नेछौं । पुर्वजहरुको विरासतलाई अझै वलियो बनाई धर्म संस्कृति र हाम्रो संस्कारलाई युगान्त जीवन्त राख्ने यसको उद्देश्य हो ।

**० प्रतिष्ठानले आयोजना गर्न लागेको माघ ११ देखि १९ गतेसम्मको महायज्ञबाट अनुमानित आय कतिसम्म हुने देख्नु भएको छ ?**

यस संस्थाका संस्थापक संरक्षक स्व. चुडामणि पोखरेलले भरतपुर-१ स्थित देवघाटधामको संगमस्थल नारायणी नदी किनारमा २ कट्ठा जग्गा प्रतिष्ठानका लागि नि:शुल्क प्रदान गर्नुभएको थियो । बन्न लागेको आश्रमभित्र मन्दिर, यज्ञशाला, संग्राहलय, पुस्तकालय, वाचनालय, पाठशाला सभाहल, आवशीय कोठाहरुको निर्माण हुने उक्त स्थान सबैको केन्द्रविन्दु रहनेछ । देवघाट क्षेत्रअन्य तिर्थस्थलको तुलनामा ९० प्रतिशत यसको महत्व बढी छ । महायज्ञको मुल उद्देश्य आर्थिक रुपमा पैसा नभएपनि केही रकम जम्मा गर्न सकेमा गुरुयोजना मुताविक ५ देखि ७ करोडसम्मको अनुमानित लागत लाग्ने देखिन्छ ।

**० महायज्ञबारे थप केही प्रतिकृया दिन सक्नुहुन्छ ? कुनै विवाद पनि छ कि ?**

म्हायज्ञ पूर्ण बौद्धिक र शास्त्रीय बिधि अनुसार सम्पन्न हुनेछ । यो नै महायज्ञको मुल आकर्षण हो । सत्संग र आध्यातिमक ज्ञानको चर्चा हुनेछ । कर्मचारी, नेता तथा अन्य उच्च ओहोदाका विशिष्ठ व्यक्तिको उपस्थिति रहनेछ । पं. दिनबन्धु पोखरेलको प्रमुख संरक्षकत्वमा महायज्ञ सम्पन्न हुनेछ । पण्डितजीले आश्रमको लागि दान दिनु हुनेछ, दक्षिणा लागु हुनेछैन । यो आफैमा एउटा रमाइलो पक्ष हो । जहाँसम्म विवादको कुरा छ, हामीमा कुनै किसिमको विवाद छैन । ओमप्रसाद पोखरेलको नेतृत्वमा ४१ सदस्यीय समिति गठन गरिएको छ ।

**प्रस्तुती: मोहन पोखरेल/सुरेश कुमार अधिकारी**

२०७६ मंसीर १४ गते शनिबार हुने उपनिर्वाचनमा सही तरिकाले मतदान गर्न सिकौं र सिकाऔं । आफ्नो अमूल्य मत बदर हुनबाट जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## बैकिङ्ग संसार

### एनआईसी एशिया बैंकको थप शाखारहित बैंकिङ्ग सेवा संचालनमा

काठमाडौं । एनआईसी एशिया बैंकको शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्ने क्रममा रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं.१३, ओडवलियामा आफ्नो ४३ औं शाखारहित सेवा संचालन ल्याएको छ ।

उक्त बैंकिङ्ग सेवा मंसिर ६ गतेबाट संचालनमा ल्याएको हो । शाखारहित बैंकिङ्ग सेवाको समुद्घाटन लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर मनमोहन चौधरीको उपस्थितिमा सम्पन्न भयो । उक्त शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा अजय सिहं क्षेत्रीलाई नियुक्त गरिएको छ ।



शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीयबासीहरुले आफ्नो गाउँमै स्थानीय प्रतिनिधिमार्फत् बैंकिङ्ग सेवा लिन सक्नेछन् । साथै सो सेवाबाट बैंकिङ्ग कारोवारको लागि लामो दूरीसम्म हिंड्नुपर्ने बाध्यताको अन्त्य भई ग्रामीण र दुर्गम क्षेत्रहरुमा बैंकिङ्ग कारोबार गर्न सहज हुने विश्वास बैंकले लिएको छ ।

यस्तो सेवाबाट स्थानीयवासीहरुले निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, उपयोगी सेवा जस्तैः टेलिफोन, मोबाइल, एडिएसएल, डिस होम आदिको महसुल भुक्तानी गर्ने, स्वीकृत सीमाभित्र रही कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिनेछ ।

यस बैंकको मुलुकभर ३१० शाखा कार्यालयहरु, ३८९ एटिएम, ९१ वटा एक्स्टेन्सन काउण्टर एवं ४३ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । १८ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् ।

उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान लगायतका दुर्गम जिल्लाहरु तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेका ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

### प्रभु बैंकले १६ प्रतिशत बोनश शेयर वितरण गर्ने

काठमाडौं । प्रभु बैंक लिमिटेडको १८औं वार्षिक साधारण सभा मंसिर ६ गते शुक्रबार विभिन्न निर्णयहरु पारित गर्दै सम्पन्न भएको छ । बैंकको सञ्चालक समितिका अध्यक्ष देवी प्रकाश भट्टचनको अध्यक्षतामा बबरमहलस्थित बैंकको प्रधान कार्यालयमा बसेको बैंकको १८औं वार्षिक साधारण सभाले सञ्चालक समितिको प्रतिवेदन सहित गत आ.व. ०७५-०७६ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु पारित गरेको छ ।

साथै, १८ औं वार्षिक साधारण सभाले बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको गत आ.व. २०७५र०७६ को एकीकृत वित्तीय विवरण पनि पारित गरेको छ ।

शुक्रबार सम्पन्न बैंकको १८ औं वार्षिक साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरु पारित गर्दै बैंकले गत आ.व. २०७५र७६ को मुनाफाबाट गत आ.व. २०७५र०७६ मा कायम चुक्ता पूँजीको १६ प्रतिशत बोनश शेयर वितरण गर्ने निर्णय गरेको छ ।

१८ औं वार्षिक साधारणसभाले संस्थापक समूहतर्फ कायम रहेको ५५ प्रतिशत र सर्वसाधारण समूह तर्फ कायम रहेको ४५ प्रतिशतको शेयर स्वामित्वमा संशोधनरपरिवर्तन गरी संस्थापक समुह तर्फ ५१ प्रतिशत र सर्वसाधारण समूह तर्फ ४९ प्रतिशत शेयर स्वामित्व कायम हुने गरी बैंकको जारी तथा चुक्ता पूँजीको संरचना संशोधनरपरिवर्तन गर्ने निर्णय गरी सोही बमोजिम बैंकको प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने निर्णय गरेको छ ।

बैंकको सञ्चालक समितिमा शेयर स्वामित्वको आधारमा संस्थापक समुहबाट ३ जना र सर्वसाधारण समुहबाट ३ जनाको प्रतिनिधित्व हुने गरी प्रस्ताव पारित गर्नुका साथै धितोपत्र सम्बन्धी कारोबार गर्ने सहायक कम्पनी स्थापना तथा सञ्चालन गर्ने व्यवस्था थप गर्नको लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने निर्णय समेत पारित गरेको छ ।

त्यसैगरी अन्य बैंक तथा वित्तीय संस्था एक्विजिशन (प्राप्ति) तथा खरिद




सम्बन्धी प्रक्रिया बढाउन, बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याँकन (Due Diligence Audit DDA) गर्न मान्यताप्राप्त मुल्याँकनकर्ता नियुक्ती गर्ने अन्य बैंक तथा वित्तीय संस्थाहरु एक्विजिशन (प्राप्ति) तथा खरिद सम्बन्धी समझदारी पत्र तर्जुमा गरी सो सम्बन्धी प्रक्रिया सम्बन्धी अगाडी बढाउने सम्बन्धी अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने निर्णय समेत पारित गरेको छ ।

१८ औं वार्षिक साधारण सभाले १६ प्रतिशत बोनश शेयर वितरण गर्ने निर्णय गरे पश्चात् बैंक लि.को चुक्ता पूँजी रु. १० अर्ब ३१ करोड ५५ लाख ०२ हजार ७ सय रुपैयाँ पुगेको छ ।

देशका विभिन्न स्थानमा शाखा रहित बैंकिङ्ग सेवा, ३७ वटा एक्स्टेन्सन काउण्टर कार्यालय, १५२ वटा एटिएम मेशिन तथा १९६ वटा शाखा कार्यालयहरु सहित देशभर फैलिएको ठूलो बैंकिङ्ग सञ्जालको माध्यमबाट १२ लाख भन्दा बढि ग्राहकहरुलाई प्रत्यक्ष अत्याधुनिक प्रविधि सहितको गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको प्रभु बैंक लि. ले अष्ट्रेलियाको सिड्नी, भारतको राजधानी दिल्ली, मलेसियाको राजधानी क्वालालाम्पुर, कतारको राजधानी दोहा र संयुक्त अधिराज्य बेलायतको एल्डरसट शहर गरी विभिन्न ५ मुलुकमा आप्नो सम्पर्करप्रतिनिधि कार्यालय खोल्न नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमती प्राप्त गरी सम्बन्धित देशका नियामकीय निकायबाट उल्लेखित स्थानहरुमा बैंकको सम्पर्करप्रतिनिधि कार्यालय खोल्ने प्रयोजनका लागि आवश्यक कार्य अगाडि बढाईरहेको छ ।

१८ औं वार्षिक साधारण सभाको अवसरमा प्रभु बैंकको उत्तरोत्तर उन्नति प्रगतिको शुभेच्छा प्रकट गर्दै प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने शेयरधनी लगायत सम्बन्धित सबैमा बैंकले धन्यवाद व्यक्त गरेको छ ।

# कृषि होइन किसानलाई प्राथमिकता

**नेपालको जिडीपीमा कृषि क्षेत्रको भूमिका अग्रणी नरहेसम्म देशको उद्योगधन्धा पनि फस्टाउन सक्दैन न त बेरोजगारीलाई नै कम गर्न सकिन्छ। देशको उपयोगी एवं दक्ष जनशक्ति बसेनि लाखौंका संख्यामा विदेश गइरहेका छन्। गरीब परिवारका युवाहरू भारतको विभिन्न सहरमा गएर जीविकोपार्जन गरिरहेका छन्। सरकारले लागू गरेका कतिपय योजनाबारे किसानलाई जानकारी नै भइरहेका हुँदैनन्। किसान तथा कृषि अधिकारीबीच अब विगतको जस्तो सम्बन्ध, सहकार्य र समन्वयको अवस्था रहेन।**

**श्रीमन्नारायण**

हाम्रो देशमा कृषिलाई कहिल्यै आर्थिक विकासको केन्द्रबिन्दु बनाउने काम भएन जबकि यो नै हाम्रो देशको आर्थिक विकासको प्रमुख आधार साबित हुन सक्दछ। केही दशक अघिसम्म धानलगायत कृषि उत्पादनको निर्यात गर्ने हाम्रो देश आज अधिकांश खाद्यान्न सामग्री र फलफूल विदेशबाट आयात गरिरहेको छ। नेपालमा कृषिलाई उद्योगको दर्जा नदिएसम्म यसको अवस्थामा सुधार आउने छैन। कृषिभन्दा पनि किसानलाई प्राथमिकतामा राखेर नीति बनाइनु एवं कार्यक्रमहरू ल्याइनु आवश्यक छ। कृषि क्षेत्रको विकासको नाममा अहिलेसम्म लागू गरिएका कार्यक्रमबाट विचौलिया तथा सीमित व्यक्ति मात्रै लाभान्वित भएका छन्। तसर्थ, नयाँ तरिकाले र इमानदार सोचका साथ किसानको हितमा कार्यक्रमहरू ल्याइनु आवश्यक छ। बाली बिमा, न्यूनतम समर्थन मूल्यको निर्धारण र सरकारी सहुलियत राशिलगायतका सुविधाले धेरै हदसम्म किसानको समस्यालाई समाधान गर्न सक्दछ। अब कृषिलाई होइन, किसानलाई प्राथमिकतामा राख्नुपर्दछ।

देशका किसानसामु थुप्रै समस्या छन्। सिचाइको अभाव, समयमा बीउ, खाद्य एवं कीटनाशनक औषधिको अभाव, कृषि उपकरणमाथि अत्यधिक भन्सार शुल्क आदिका कारण अधिकांश किसान कृषि पेसाबाट विमुख नै हुन थालेका छन्। उपरोक्त समस्याका बाबजुद कृषि कार्यमा संलग्न रहेका किसान कठिन परिश्रम गरेर आफ्नो उत्पादनलाई बजारसम्म पुऱ्याउन सकिरहेका छैनन्। स्थानीय स्तरमा शीतगृह ( कोल्ड स्टोर) एवं भण्डारण केन्द्र ( स्टोर सेन्टर) को अभावका कारण कम मूल्यमा स्थानीयस्तरमै विचौलिया अथवा दलालसित आफ्नो उत्पादनलाई बेच्न बाध्य छन्। लागतअनुसारको मूल्य प्राप्त नभएपछि आक्रोशमा आएर किसानले कहिले सडकमै दूध बगाइदिने त कहिले सुन्तला एवं गोलभेडालाई सडकमा फालिदिने अवस्था उत्पन्न भइरहेको छ। ऊखु किसानको समस्या झन् कहाली लाग्दो छ। ऊखु बाली लगाउनमा पनि समस्या, त्यसको नियमित हेरचाह गर्नुपर्ने, चिनीमिलको अनुमतिबिना खेतबाट ऊखुबाहिर पनि ल्याउन नसकिने र येनकेन प्रकरण चिनी मिलसम्म पुऱ्याइए पनि त्यसको भुक्तानी लिन भगिरथ प्रयत्न गर्नुपर्ने हुन्छ। ऊखु किसान चिनी मिलबाट पाउने पैसाको भरमा नत छोरा-छोरीको विवाह, पढाइ तथा अन्य यज्ञ आदि कार्यक्रम नै गर्न सक्दछन् नत कुनै पारिवारिक सदस्यको स्वास्थ्य उपचार नै गराउन सक्दछन्। आफ्नो पैसा चिनी मिलमा बक्यौता भएर पनि चर्को ब्याजमा गाउँघरका साहु महाजनबाट ऋण काढ्नुको विकल्प हुँदैन।

ऊखु किसानको हकहितको लागि खोलिएका संगठनका अगुवा आफ्नो निजी हितको कुरा गर्दछन् र किसानको पक्षमा बोल्नु पर्नेमा उल्टै चिनीमिलकै सुरक्षा कवच बन्न पुग्दछन्। कथित किसान आन्दोलनको वार्षिकोत्सव मनाएर प्रत्येक वर्षमा एकपटक चिनीमिलको गेट सामु धरना दिने नाटक गरिन्छ र गोप्य सम्झौता गरेर आन्दोलनलाई टुङ्ग्याउने गरिन्छ। चिनी मिलबाट नियमित रूपमा चन्दा बटुल्ने नेता पनि यस्ता धरनामा अतिथिको भूमिका निर्वाह गर्ने गर्दछन्। सबैभन्दा बढी ठगीमा ऊखु किसान नै पर्ने गर्दछन्। देशका राजनीतिक दल तथा अधिकांश सरकार पनि किसान मैत्री नभएर उद्योगपतिकै संरक्षक र शुभचिन्तक सावित भइरहेका छन्।

नेपालजस्तो देशको अर्थतन्त्रमा सुधार ल्याउन कृषि क्षेत्रको विकास आवश्यक हुन्छ। नेपालको जिडीपीमा कृषि क्षेत्रको भूमिका अग्रणी नरहेसम्म देशको उद्योगधन्धा पनि फस्टाउन सक्दैन न त बेरोजगारीलाई नै कम गर्न सकिन्छ। देशको उपयोगी एवं दक्ष जनशक्ति बसेनि लाखौंका संख्यामा विदेश गइरहेका छन्। गरीब परिवारका युवाहरू भारतको विभिन्न सहरमा गएर जीविकोपार्जन गरिरहेका छन्। सरकारले लागू गरेका कतिपय योजनाबारे किसानलाई जानकारी नै भइरहेका हुँदैनन्। किसान तथा कृषि अधिकारीबीच अब विगतको जस्तो सम्बन्ध, सहकार्य र समन्वयको अवस्था रहेन। कृषि कार्यसित वास्तै नभएका एनजीओकर्मी कृषि शीर्षकअन्र्तगतका लाखौंका बजेट भागबन्डाको आधारमा कुम्ल्याउने गरेका छन्।

कृषि क्षेत्रमा सरकारले गर्ने गरेको बजेट विनियोजन कम अवश्य पनि छ तर कृषिमा मात्रै होइन किसानमा यो खर्च हुनु पऱ्यो। कतिपय कर्मचारी मिलोमतोमा कागजी काम मात्रै भएको पाइन्छ। किसान र खेतीपातीका निम्ति विनियोजित अनुदान हुने खाने र पहुँचवालासमक्ष मात्रै पुग्ने गर्दछ। सरकारले अनुदान वितरण प्रणालीको विषयमा ठोस एवं वैज्ञानिक मापदण्ड तयार नगरी आफू खुसी गरिने वितरणका कारण पछिल्लो समयमा रकम दुरूपयोगको घटना बढेको हो।

सरकारी सम्यन्त्र र दातृ निकाय कर्मचारीका मिलोमतोमा किसानका नाममा सीमित ठेकेदार, विचौलिया र व्यापारीहरू यस अनुदानवाट लभाविन्त भइरहेका छन्। अब सरकारले सोझै किसानको खातामा पुग्ने गरी अनुदान रकम उपलब्ध गराउनुपर्दछ। यस्तो भएमा मात्रै वास्तविक किसानले लाभ पाउनेछ।

व्यापारीले तोक्ने मूल्यका कारण किसानहरू मर्कामा नपरून् भनेर कृषि उपजमा न्यूनतम समर्थन मूल्य तोकिन्छ। एउटा किसान मात्रै त्यस्तो निरीह र दयनीय पात्र हो जो आफ्नो उत्पादनको मूल्य आफैंले तोक्न सक्दैन। उद्योग धन्धाले आफ्नो उत्पादन माथि फ्याक्ट्रीमै त्यसको मूल्य तोकिदिने गर्दछ तर किसानको उत्पादनको मूल्य सुरुमा विचौलिया अथवा दलालले तोक्नेगर्दछ र पछि गएर त्यसको मूल्य ठूला व्यापारीले तोक्नेगर्दछ। सरकारले नै न्यूनतम समर्थन मूल्य तोकिदिएपछि बाध्य भएर व्यापारीहरू पनि किसानको उत्पादनलाई खरिद गर्न ट्र्याक्टर अथवा ट्रक लिएर तिनको खेत, खलिहानसम्म पुग्ने अवस्था उत्पन्न हुनेछ जस्तो कि भारतलगायतका देशमा धेरै हदसम्म भइरहेको छ। नेपाली किसान भने यस पीडाबाट मुक्त हुन सकेका छैनन्। गत आर्थिक वर्षमा २०७६/७७ का लागि सकारले मोटा धानको समर्थन मूल्य प्रति क्विन्टल २ हजार ५ सय ३२ रूपैयाँ ८० पैसा र मध्यमको प्रतिक्विन्टल २ हजार ६ सय ७३ रूपैयाँ १६ पैसा तोकिएको छ। गत वर्षभन्दा प्रतिक्विन्टल २ सय रूपैयाँ वृद्धि गरिएको भए पनि सरकारले समयमै धान खरिद नगर्दा यसको लाभ विचौलिया र ठूला व्यापारीले उठाउने गर्दछन्। गत वर्ष खाद्य संस्थानको अञ्चल कार्यालय लहानले मात्र एकै व्यक्तिसँग १० हजार ५० क्विन्टल धान खरिद गरेको थियो। सरकारको कार्यक्रमलाई प्रभावहीन बनाउनमा कर्मचारीको पनि ठूलो भूमिका रहेको छ। किसानलाई प्रमाणपत्र हुन आवशयक छ। विचौलियाबाट सावधान रहनु आवश्यक छ। सरकारले हालै युवा कृषि उद्यमीलाई २० लाख रूपैयाँसम्म अनुदान सहयोग उपलब्ध गराउने घोषणा गरेको छ तर सर्वसाधारणले सहज रूपमा यस लाभ उठाउन सके मात्रै यसको सार्थकता सिद्ध हुनेछ होइन भने कर्मचारी विचौलिया र सत्ताधारी दलका कार्यकर्ताको भागवण्डामा यो पनि प्रभावहीन हुन बेरलाग्ने छैन।

दक्षिण छिमेकी राष्ट्र भारतको राजनीतिमा कृषि क्षेत्रको समस्या र किसानको भूमिका निर्णायक साबित हुँदै आएको छ। त्यहाँको संघीय सरकार, प्रादेशिक सरकार तथा देशका प्रायः सबैजसो राजनीतिक दलको प्राथमिकतामा कृषि क्षेत्र रहदै आएको छ। भारत सरकारले किसानहरूलाई विभिन्न किसिमको सरकारी सुविधा दिँदै आएको छ तर पनि त्यहाँका किसानको खातामा वार्षिक ६ हजार रूपैयाँ पठाउन थालिएको छ। यसबाट तिनलाई मल खाद्य, बीउ किटनाशक औषधि खरिद गर्न ठूलो सहयोग पुग्नेछ।

नेपालमा सरकारको जग्गासम्बन्धी नीतिका कारण पनि कृषि उत्पादन माथि नकारात्मक असर परेको छ। भौगोलिक विकटताले भरिएको हाम्रो देशमा कृषियोग्य जग्गाको मात्रा साऱ्है कम छ र यहाँका राजनीतिक दलदेखि अहिलेसम्मका सबै शासकले कमबेसी आफूलाई जग्गाधनीको विरोधी तथा जोताहा किसानको पक्षधर साबित गर्ने हरसम्भव प्रयास गरेका छन्। जग्गामा मोही प्रथा लाग गर्दा त्यसमा हदबन्दी काम गरिएन, वर्तमान अवस्थामा मोही ठूला जग्गाधनी जबकि पुराना जग्गाधनी सुकुम्बासी बन्ने अवस्थामा पुगिसकेका छन्। सरकारलाई मोहीको चिन्ता हुन स्वाभाविक हो, तर जग्गाधनी पनि नेपालकै नागरिक हुन्। अब मेसिनवाट खेती हुने गरेका कारण देशमा कृत्रिम जोताहा र मोही मात्र अस्तित्वमा छन्।

५०/५५ वर्ष अघि कसैको बाजे, बुबा खेती गर्न सक्ने अवस्थामा थिएनन भने यसको अर्थ तिनका सन्तति पनि जमिनदारै छन् र र आफैंले खेती गर्न नसक्ने अवस्थामा छन् भन्ने हुन सक्दैन। मोहीमा हदबन्दी लागू गर्न उचित देखिन्छ। वर्तमान अवस्थामा मोही जमिनदारसरह भइसकेका छन्। अब गोरु र हलोको प्रयोग गरेर खेती हुँदैन। ट्रयाक्टर एवं थ्रेसरको जमाना आइसक्यो।

जब हातले खेत जोत्ने काम हुँदैन भने अब कोही व्यक्ति जोताहा कसरी हुन सक्छ? अब त ट्रयाक्टर ड्राइभरले खेतको जोताइ गर्दछ तर देशका कुनै पनि ड्राइभरले खेतको जोताई गर्दछ तर देशका कुनै पनि राजनीतिक दल खुलेर मोहीको विपक्षमा तथा जग्गाधनीको पक्षमा बोल्न साहस गर्न सक्दैनन्। आजसम्म देशमा जति पनि राजनीति भएको छ, त्यो सबै भूमिसम्बन्धी विषयलाई लिएर नै भएको छ र यसको केन्द्र भने तराई नै रहिआएको छ।

देशमा किसानबारे सोच्ने फुर्सद नै कसैलाई पनि भएनन्। देशको कृषि औजार कारखाना वर्षौंदेखि बन्द छ र मलखादको उत्पादन गर्ने कारखानाका निर्माण भएको छैन। खेतीको समयमा मलको अभाव भएपछि सीमावर्ती क्षेत्रका किसानले लुकाइछिपाइ मलखाद्य ल्याउन खोज्दा उनीहरू अपमानित हुने अवस्था आउँछ।

देशमा लोकतन्त्रको स्थापनापछि सरकारी संस्थालाई सहकारीको आवरण दिइयो। ऊखु किसानको पीडा आफ्नै ठाउँमा छ। चिनी मिलले किसानको अत्यधिक शोषण गर्ने गरेका छन्। सरकारी चिनी मिल हाल कोमामा पुगिसकेको अवस्था छ। ऋण माफी समस्याको समाधान हुन सक्दैन किनभने साहुमहाजनबाट चर्को ब्याजदरमा ऋण काढेका किसान सरकारको ऋणमाफी योजनाबाट लाभान्वित भएका छैनन्।

अधिकांश किसानहरू बैंकवाट ऋण लिदैनन् किनभने झन्झटिला कागजी प्रक्रिया तथा कम ऋण पाउन हुँदा उनीहरू साहुमहाजनसितै ऋण पाउने हुँदा उनीहरू साहुमहाजनसित ऋण काढ्न उचित ठान्दछन्। समयमा सिँचाइको व्यवस्था, मलखाद, बीउ एवं कीटनाशक औषधिको सहज उपलब्धता, शीतभण्डराणको अवस्था तथा किसानको उत्पादन सहज रूपमा बजारसम्म पुऱ्याउने अवस्था भएमा र समुचित मूल्य तोक्ने काम सरकारबाट भएमा मात्र कृषि क्षेत्रको विकास सम्भव छ र देशको अर्थतन्त्रको पनि गति लिन सक्छ। अब किसानलाई प्राथमिकतामा राख्नुपर्दछ। (राजधानी दैनिकबाट)

# डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं।**

# लथालिङ्ग सरकारको भताभुङ्ग चाला

**कलाधर आचार्य**

केही समयअगाडि मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपति सी जिनपिङ नेपालको २ दिने भ्रमण सम्पन्न गरी फिर्ता भए। देशले उनीबाट धेरै विकास निर्माणका कार्यहरूमा सहयोग गर्ने आशा गरेको थियो। सोहीअनुरूप उनले पनि विभिन्न १८-२० वटा सन्धिसम्झौतामा हस्ताक्षर गरे। त्यतिले नपुगेर ३ वर्षभित्र दिने गरी ५६ अर्ब रुपैयाँ अनुदान सहयोगसमेत गरे। रेल्वे मार्ग र सुरुङ मार्गको लागत इस्टिमेट गर्ने कार्यमा समेत आफ्नै तर्फबाट खर्च गरिने वचन दिए। तर हाम्रो सरकार तथा नेताहरूलाई थाहा छ कि छैन वा अझै पनि होस खुलेको छ कि छैन पुरानै सोचाइ, शैली र आचरणमा परिवर्तन भएको छ कि छैन। उनले घुमाउरो पाराले रात्रीभोजमा भने, 'सादा जीवन बिताऊ, देशमा अनुशासन कायम गर, भ्रष्टाचारलाई शून्य सहनशीलतामा झार। पुरानो मानसिकता, व्यवहार, कार्यशैली र सोचाइलाई बदल। अन्यथा देशमा विकास निर्माण हुन र गर्न मुस्किलै छ।'

यसरी अन्तर्राष्ट्रिय जगत्मा नै विकासको र आर्थिक स्थितिमा प्रथम स्थानमा पुगिसकेको चीनका चतुर सीको अभिव्यक्तिलाई एक कानले सुन्ने र अर्को कानले उडाइदिने गरे भने त उपरोक्त सहयोग पाउन मुस्किलै छ। आफ्नो देशमा दसदस हजार भ्रष्टाचारमा संलग्न नागरिकहरू डोजर प्रयोग गरेर मार्ने व्यक्तिलाई यिनीहरूले कुन नजरले हेरिरहेका छन्। बाँडीचुँडी खाने बेलामा एकजुट हुने र गर्ने बेलामा फुट हुने स्वभावको अन्त्य हुनुपऱ्यो।

पशु पनि एकपटक खाल्टोमा परिसकेपछि चेत्छ रे तर विडम्बना यिनीहरू धेरैपटक खाल्टोमा परिसके, अझै होस नखुले कहिले खुल्ने होला? के नपत्याउने खोलाले बगाउला त? खै विश्वास गर्न सकिने अवस्था बनिसकेको छैन। विगतमा घटेका, घटाइएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरू वाइडबडीलगायत, बलात्कारपछि हत्या भएकी निर्मला पन्तजस्ता थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाहरू जीवितै छन्। सरकारका मन्त्रीहरू, सांसदहरू तथा सभामुखजस्ता गरिमामय पदमा बसेका व्यक्तिहरू हत्या, हिंसा, बलात्कार, भ्रष्टाचार तथा गुण्डागर्दीमा संलग्न भै ५-७ जना नेताहरू कोही जेलमा छन् त कोही प्रहरी हिरासतमा छन्। यिनीहरूको अझै भेद खुल्दैछ। को, कति कुन अवस्थामा छन्, बिस्तारै यसरी नै ढिलोचाँडो कुकृत्यको खबर बाहिर आउने नै छ। शान्तिसुरक्षाको जिम्मा लिएका व्यक्तिहरूका सन्तान बलात्कारपछि हत्यामा संलग्न हुँदाहुँदै पनि मुद्दालाई ओझेलमा पार्ने अभिप्रायले पद त्यागेका छैनन्। साना माछा र ठूला माछाका गफ चुटेर ठूला माछा आफैँले खाँदा पनि चित्त नबुझेर अब सत्ताबाट पद त्याग गरी मुद्दालाई किनारा लगाउन बाटो खोलिदिनुभन्दा अर्को विकल्प छैन। अन्यथा महराकै अवस्था होला। समयमा नै विचार गर्दा उपयुक्त हुन्छ।

एनसेल प्रकरणमा प्रधानन्यायाधीशसहित पाँचजनाको संयुक्त इजलासले कर तिर्नुपर्छ भनी फैसला गरिसकेपछि पुनः एनसेलबाट रिट गरी पाँचैजनाको संयुक्त इजलासले बदर गरिदिएपछि न्याय खोज्न कहाँ जाने? बाईसेचौबीसे राजाका पालाहरूमा त न्याय नपाए गोरखा जानू भन्ने पृथ्वीनारायण शाहको अभिव्यक्ति थियो। न्याय पनि पाइन्थ्यो तर अहिले पृथ्वीनारायण शाह पनि मरिसके। न्याय पनि मरिसक्यो। यो न्याय मरेको मुलुक हो। एकछिन बदर गर्नु नै थियो भने ५ जना बढी न्यायाधीशहरूको संयुक्त इजलास गठन गरी बदर गर्न सकिन्थ्यो होला। सर्वोच्चको सम्माननीय प्रधानन्यायाधीशलाई समेत गुमराहमा पारी आर्थिक प्रलोभनमा फसेका ती मुद्दा बदर गर्ने न्यायाधीशहरूलाई महाअभियोगको प्रस्ताव लगाउन सक्नुपर्छ। के यो खुबी र हैसियत सरकारसँग छ? यो विचारणीय र संवेदनशील विषय छ। साथै सरकारसँग प्रश्नचिह्न खडा भएको छ। सरकारका यस्तैयस्तै विविध शैली र कार्यहरूको मूल्याङ्कन भैरहेको छ। चीनका राष्ट्रपतिले दिएको अभिव्यक्तिले ख्याल गरी नयाँ सोचाइ बनाई बल यिनीहरूकै हातमा सुम्पेका छन्। मैदानमा गएर बल खेल्न सक्ने वा नसक्ने यिनै हाम्रा नेताहरूको हातमा छ। चाहे जुनसुकै पार्टीका नेताहरू होऊन्, विकास र निर्माणको कार्यमा एकजुट भै अग्रसर हुनुभन्दा अर्को विकल्प छैन। अब सधैं पद, सत्ता र पैसा तथा आसेपासे, तेरोमेरो मान्छे, यसरी विभाजित भएमा समृद्धिको नारामा मात्रै सीमित हुन्छ र अन्तर्राष्ट्रिय मित्रहरूले समेत सहयोग गर्ने छैनन्।

हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको खस्रो पात भनेझैं देशमा न्यायालय, प्रशासन, गृह, रक्षा, परराष्ट्र, अर्थ तथा सञ्चार मन्त्रालयलगायत संवैधानिक निकायमा मानवअधिकार आयोग, अख्तियारजस्ता संवेदनशील निकायहरूमा स्वतन्त्रतापूर्वक काम गर्न नदिई हस्तक्षेप गरी मनोमानी ढंगले आफ्नै इशारामा चलाउन खोज्ने यो सरकारलाई देशका नागरिकहरूले मात्र नभई विदेशी मित्रराष्ट्रहरूले पनि चासो राखी नजिकैबाट नियालिरहेका छन्।

# सानो साइजमा आउँदै आइफोन १२ यस्तो हुनेछ फिचर

एजेन्सी- एप्पलले ल्याउन लागेको आइफोन १२ का विषयमा विभिन्न खाले चर्चा चल्न थालेको छ। सन् २०२० मा एप्पलले ल्याउने आइफोन १२ अघिल्लो सिरिजभन्दा फरक हुने बताइएको छ। एप्पलले आइफोन १२ चलाउन सजिलो हुने गरी सानो आकारमा सार्वजनिक गर्न लागेको हो।

एप्पलले यस विषयमा छलफल तथा परामर्श गरिरहेको छ। फोनएरेनाद्वारा सिर्जना गरिएको आइफोन १२ केही वर्षअघि सार्वजनिक भएको आइफोन ४ वा ५ जस्तै हुने सीनेटले जनाएको छ। जसमा सार्पर एजेससमेत हुनेछ।

एप्पलले १२० हर्ज रिफ्रेस रेटको साथमा डिस्प्ले ५.८ इन्चबाट घटाएर ५.४ इन्च बनाउने छ। आइफोन १२ मा पछाडि चार वटा क्यामेरा जडान गर्ने र फाइभ जी समर्थनको साथ आउने अनुमान गरिएको छ। यसअघि आइफोन ११ प्रोमा तीन वटा क्यामेरा समावेश गरिएको थियो।

# दृष्टिविहीन विद्यार्थीका लागि आवास

दाङ । दाङको राप्ती गाउँपालिका-२ स्थित आदर्श नमूना माविको दृष्टिविहीन छात्रावास निर्माणका लागि विदेशबाट सहयोग प्राप्त भएको छ। छात्रावास जीर्ण हुँदा दृष्टिविहीन विद्यार्थीलाई पठनपाठनमा असहज हुने गरेको थियो।

राप्ती समाज जापानको सहयोगमा सङ्कलन भएको रु ४१ हजार ४४० विद्यालयलाई हस्तान्तरण गरिएको हो। पूर्वविद्यार्थी तुलसीराम पोखेलको पहलमा तथा संस्थाका अध्यक्ष युवराज रेग्मीको सक्रितामा सहयोग सङ्कलन गरी उपलब्ध गराइएको हो। उक्त रकम पोखेलले विद्यालयका प्रधानाध्यापक किरण पोखरेल र दृष्टिविहीन आवास निर्माण समितिका संयोजक वासुदेव न्यौपानेलाई हस्तान्तरण गरिएको हो।

सरकारले विशेष शिक्षाअन्तर्गत दाङको उक्त विद्यालयमा दृष्टिविहीन विद्यार्थीलाई पठनपाठन गराउन थाले पनि उचित पूर्वाधारतर्फ ध्यान नदिएको विद्यालयका प्रधानाध्यापक किरण पोखरेलले बताउनुभयो। उहाँका अनुसार अहिले सुरक्षित भवन नहुँदा जीर्ण भवनमै विद्यार्थी राख्न बाध्य भएको उहाँको भनाइ छ। भवन निकै जीर्ण छ, उहाँले भन्नुभयो, "बर्सादमा पानी चुहिन्छ, भित्रै सर्प, भ्यागुता हिँड्छन्। अहिले उक्त विद्यालयमा कक्षा १२ सम्म दृष्टिविहीन विद्यार्थीका लागि पढाइ हुने उहाँले बताउनुभयो।

उहाँका अनुसार अहिले आठ केटी र पाँचजना केटा गरी १३ जना दृष्टिविहीन विद्यार्थीले अध्ययन गरिरहेका छन्। एउटा जीर्ण भवनमा उनीहरुलाई राखिएको छ। विसं २०५२ देखि पढाइ शुरु भएको दृष्टिविहीन कक्षामा अहिले दुईजना शिक्षक कार्यरत हुनुहुन्छ।

दृष्टिविहीन ती विद्यार्थीहरु शारीरिक हिसाबले कमजोर भएकाले उनीहरुको आवास सुरक्षित हुनुपर्ने माग पहिलेदेखि उठ्दै आएको हो। अहिले करीब ४० वर्ष पुरानो जीर्ण भवनमा ती विद्यार्थीलाई राखिएको छ। भित्र छिर्दा नै भत्किने डरले हत्तपत्त बाहिर निस्किनुपर्ने अवस्था छ तर दृष्टिविहीनलाई आफूहरू कस्तो भवनमा बसिरहेका छौँ भन्ने कुरा थाहा छैन।

एक दृष्टिविहीन विद्यार्थीले भन्नुभयो, हामीले आँखा देख्दैनौँ, कस्तो भवनमा बसिरहेका छौँ, हामीलाई नै थाहा छैन। पलङ पनि जीर्ण अवस्थामा छन्। काम चलाउनमात्रै ती पलङ राखिएका छन्। विद्यार्थीहरु सुतिरहेको अवस्थामा कतिबेला ती भाँचिन्छन् भन्ने त्रास छ।

यस्तो अवस्था देखेपछि सोही विद्यालयमा अध्ययन गरेर विभिन्न पेशा-व्यवसायमा लागेका पूर्व विद्यार्थीहरुको सक्रियतामा भवन निर्माणको शुरुआत भएको छ। गएको वर्षको दशैंको घटस्थापनाको साइत पारेर शिलान्यास गरिएको भवन निर्माणको काम जारी छ।


करिब ४० वर्ष पुरानो भवनमा दृष्टिविहीन विद्यार्थी रात-दिन कटाउन बाध्य भएको भन्दै चारकोठे भवन निर्माण गर्न लागिएको उहाँले बताउनुभयो। एउटा कोठा छात्र, एउटा कोठा छात्रा, एउटा सभाहल र एउटा भान्छाका लागि प्रयोग गर्ने गरी भवन निर्माण गर्न लागिएको हो। शौचालय, बाथरुम पनि निर्माण हुनेछन्। अहिले पूर्वविद्यार्थी थप आर्थिक रकम सङ्कलन गर्न लागिपरेको समेत उहाँले बताउनुभयो। न्यौपानेसँगै उक्त विद्यालयमा अध्ययन गरी हाल जापानमा रहेका वीरेन्द्र केसीलगायतका पूर्वविद्यार्थीहरुको सक्रियतामा भवन निर्माण शुरु भएको हो।


दृष्टिविहीन विद्यार्थीहरु आफैँमा शारीरिक हिसाबले कमजोर हुने भन्दै उनीहरुको आवास व्यवस्थित र सहज हुनुपर्ने हेतुले यस्तो कार्य अघि बढाएको उहाँको भनाइ छ। दृष्टिबिहीनका लागि कम्प्युटर छैनन्। पटक-पटक दृष्टिविहीन विद्यार्थीहरुले आफूहरुले प्रयोग गर्ने खालका कम्प्युटर ल्याइदिन माग गरे पनि उनीहरुका लागि कम्प्युटर ल्याउन सकिएको छैन। विद्यार्थीहरुले कम्प्युटरको माग गरिरहेका छन्, उहाँले भन्नुभयो, तर कम्प्युटर ल्याउन सकिएको छैन।

# मधुमेह (सुगर/चिनी) रोग के हो जानी राखौं

**सुरेश कुमार अधिकारी "मित्र"**

हामी मानिसहरुको स्वभाव के छ भने पहिला थाहा पाएर वा नपाएर जे पनि गर्छौं, जे पनि खान्छौं। पछि समस्या आएपछि डराउने, त्रसिने, चिन्ता लिने र दुःखी हुने गर्छौं। यो मानव स्वभाव नै भइसकेको छ। शारीरिक रुपमा दुर्बलता नभएपनि र पहिलो भन्दा भिन्न महशुस नगरे पनि, मधुमेह प्रति सचेत हुन र यसलाई नियन्त्रणमा राख्न अत्यन्त जरुरी छ। मधुमेश भएपछि धेरैजना मधुमेहीहरु ऋाफ्नो जीवन सकिएको वा पहिले गर्ने गरेको कुराहरु गर्न असक्षम हुने भन्ने सोच्दछन्। यो असत्य हो यस्तो भ्रममा कदापी नपर्नु होला। सत्य के हो भने मधुमेह भएर जीवन सकिँदैन। मधुमेहको नियमित कार्यहरुमा केही परिवर्तन गरेर मधुमेशलाई सन्तुलित गर्न सकिन्छ। मधुमेह हुनु केही बिरामीहरुको दोष नभएपनि यसको नियन्त्रण गर्न सकिन्छ यो आफ्नै जिम्मेवारी पनि हो। संयोगबस मधुमेहसँग जीवनयापन गर्न र स्वास्थ्य रहनका लागि धेरै कुराहरु गर्न सकिन्छ। जब तपाई खानेकुरा खानुहुन्छ, तपाइको खाना टुक्रिएर ग्लुकोजमा परिवर्तन हुन्छ।






ग्लुकोजले तपाइलाई काम गर्न चाहिने ऊर्जा प्रदान गर्दछ। तर ऊर्जा उत्पादन गर्न इन्सुलिन भन्ने हार्मोन चाहिन्छ, यो इन्सुलिन हाम्रो पेट नजिक रहेको प्यानक्रियाज नामक ग्रन्थीबाट उत्पादन हुने भएकोले यसको त्यतिनै महत्व छ। इन्सुलिनले ग्लुकोजलाई शरीरका कोषिकाहरुमा प्रवेश गर्न मद्धत गर्छ। कोषिकाहरुमा ग्लुकोज पसेपछि ऊर्जा उत्पादन हुन्छ। जसले ती कोषिकाहरुलाई काम गर्न योग्य बनाउँछ। मधुमेहीहरुमा ग्लुकोज कोषिकाहरुमा पस्न पाउँदैन र रगतमै रहिरहन्छ। समय वित्दै जाँदा रगतमा भएको ग्लुकोजले शरीरका बिभिन्न अंगहरुमा नराम्रा असरहरु देखाउनुका साथै प्राणघातक रुप पनि लिन सक्छ। शरीरमा इन्सुलिन राम्रोसँग काम नगरे वा जसरी मात्रामा उत्पादन नभएर रगतमा ग्लुकोजको मात्रा लामो समयसम्म उल्लेखित परिमाण भन्दा बढी भएमा मधुमेह भएको मान्नुपर्छ। मधुमेहको कुनै कुनै पनि उचार छैन, तर यो नियन्त्रण गर्न मात्र हामीले उपचार विधिमा औषधी सेवन, व्यापाम, खानपान, रहन सहन बदल्न सक्छौ। यसरी बदलेको र खाएको कारणबाट नियन्त्रण हुने हो। यसका लागि रक्त परीक्षण लगायत डाक्टरी जाँचपछि डाक्टरको सल्लाह अनुसार नियमित औषधी सेवन, सल्लाह खानपान दैनिक रहन सहनमा परिवर्तन गर्न जरुरी छ। यसो गर्न सके रगतमा रहेको ग्लुकोजको मात्रा नियन्त्रण गर्न सकिन्छ। यदी हामीले यसरी नियन्त्रण गर्दै डाक्टरी सल्लाह अनुसार आफूलाई पथ परहेजमा राख्न सक्यौ भने हाम्रो जीवन यात्रा लामो समयसम्म स्वस्थ रहने र बाँची रहन सक्ने कुरामा ढुक्क हुन सक्छौं। बेलैमा सचेत हौं।

# महिन्द्रा ग्लोबल केयर फेस्ट क्याम्प सम्पन्न

काठमाडौं। नेपालको लागि महिन्द्रा गाडीको आधिकारिक बिक्रेता अग्नि ग्रुप अन्तर्गत बालाजू अटोवर्क्सले महिन्द्रा फोर ह्वील गाडीहरुका लागि 'महिन्द्रा केयर फेस्ट २०१९' सम्पन्न गरेको छ। यस केयर फेस्टको समुद्घाटन बालजू अटोवर्क्सका म्यानेजिङ्ग डाइरेक्टर अर्जुन प्रसाद शर्मा, महिन्द्रा एण्ड महिन्द्राका कन्ट्रि हेड चैतन्य कागलकर, बालाजू अटोवर्क्सका प्रमुख कार्यकारी अधिकृत शशीन्द्र भण्डारी तथा दुई जना ग्राहक भीमबहादुर नेपाल एवं दत्तराम सापकोटाले सामूहिक रुपमा गरेका थिए।यो विश्वव्यापी कार्यक्रम यही मंसिर २ देखि ६ गतेसम्म ५ दिनका लागि नेपाल लगायत २५ विभिन्न देशमा आयोजना गरिएको थियो, जहाँ महिन्द्रा गाडीका दक्ष प्राविधिकहरुले गाडीको ६० जाँच गरेका थिए। साथै महिन्द्रा उपभोक्ताहरुले उनीहरुको परिवारका लागि मनोरञ्जनका साथ महिन्द्राको लागि उच्चस्तरीय सेवा समेत प्राप्त गरेका थिए।

यो विश्वव्यापी केयर फेस्ट क्याम्पमा महिन्द्राले संसारभरका आफ्ना उपभोक्ताहरुलाई उनीहरुको परिवारका साथमा उनीहरुको गाडीको हेरचाह गर्न




प्रोत्साहन गर्ने उद्देश्यका साथ सञ्चालन गरेको थियो।

महिन्द्रा ग्लोबल केयर फेस्ट २०१९ मा निःशुल्क सभिर्सिङ्ग, स्पेयरपार्ट्स, लुब्रिकेन्ट एवं एक्सेसरिजहरुमा १२५ छुट साथै महिन्द्राको पुरानो गाडी जस्तै लोगन, क्वान्टो, जेनियो, जाइलो जस्ता गाडीमा भारी छुटको व्यवस्था पनि मिलाइएको थियो। यसका साथै कम्पनीले ग्राहकहरुलाई हेल्थ क्याम्पको सुविधा तथा आकर्षक उपहार पनि प्रदान गरेको थियो। यस मेलामा उल्लेख्य रुपमा सहभागीता रहेको थियो। संसारभर, यो ग्लोबल केयर फेस्ट क्याम्पको आयोजना महिन्द्रा गाडीको धनी एवं कम्पनी बीचको सुमधुर सम्बन्धलाई निरन्तता दिने उद्देश्यले आयोजना गरिएको थियो। महिन्द्रा केयर फेस्ट सम्बन्धी जानकारी तथा गाडी बुकिङ्गका लागि निःशुल्क सर्भिस हेल्प लाइन एनटिसि प्रयोगकर्ताहरुका लागि 16600f\-100f\-200f\ तथा एनसेल प्रयोगकर्ताहरुका लागि 9801571212 गरी दुई वटा टोल फ्रि नम्बरहरुको व्यवस्था पनि मिलाएको थियो।

**अग्नि ग्रुपको बारेमा**

सन् १९९१ मा नेपालमा स्थापना भई विस्तार भएको अग्नि ग्रुप प्रा.लि अन्तर्गत अग्नी इन्कर्पोरेटेड, अग्निी इनर्जी, अग्नि मोटो इन्क, बालाजू अटो वर्क्स रहेका छन्। यी कम्पनीहरुले महिन्द्रा युटिलिटि भेकल, ट्र्याक्ट, टुह्वीलर तथा विद्युतीय कार तथा जेनेरेटरहरु विक्री वितरण गर्दै आएका छन्।

# अब वैदेशिक रोजगारमा जानेलाई विद्युतीय टोकन

काठमाडौं। वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई श्रम स्वीकृतिको विद्युतीय पालो ईलेक्ट्रीक टोकन उपलब्ध गराउने भएको छ।

मंसिर १५ गतेदेखि विद्युतीय टोकन प्रणाली लागू गरिने विभागका




महानिर्देशक भीष्मकुमार भुसालले जानकारी दिए। ई टोकनसँगै मेसेज सेवा सुरु गरिने विभागले जनाएको छ।

'श्रमिकले श्रम स्वीकृतिका लागि अनलाइन फारम भर्ने बित्तिकै ई टोकन प्राप्त गर्दछन्। जसमार्फत श्रम स्वीकृतिको पालो कुन दिन पर्दछ भन्ने जानकारी प्राप्त हुन्छ', महानिर्देशक भुसालले भने।

श्रमिक आफूले कुन कार्यालयबाट श्रम स्वीकृति लिने हो आफूलाई सहज हुने श्रम कार्यालय छनोट गर्न पाउने बताइएको छ। ई टोकन प्रणाली लागू भएपछि श्रम स्वीकृतिका लागि श्रमिकहरूले लामो समय कुर्नु नपर्ने हुँदा सहज हुने महानिर्देशक भुसालको भनाइ छ।

श्रम स्वीकृति भइसकेपछि श्रमिकको मोबाइलमा मेसेज प्राप्त हुन्छ। विभिन्न कारण श्रम स्वीकृत वा अस्वीकृत हुने भएमा वा थप कागजात पेश गर्नुपर्ने भएमा समेत मोबाइलमा मेसेज जाने विभागले जनाएको छ। श्रमिकको ई स्टीकर उनीहरूको आफ्नै इमेलमा प्राप्त हुने विभागले जनाएको छ।

# नेपाल टाइगर साप्ताहिकको बार्षिक उत्सव सम्पन्न

काठमाडौ। नेपाल टाइगर साप्ताहिकले आफ्नो २७ औ बर्ष पुरागरी २८ औ बर्ष प्रबेश गरेको उपलक्ष्यमा राष्ट्र र समाजलाइ योगदान पुऱ्याएका ब्यक्तित्वहरुलाइ सम्मान तथा पत्रकारिताको महत्वको बारेमा बिभिन्न दिंगज ब्यातित्वहरुलाइ आमन्त्रण गरी मनाइएको छ।आज प्रज्ञा भवनको लेखनाथ




बाचनलय कक्षमा भएको कार्यक्रममा पुर्व प्रधान न्यायधिस केदारनाथ उपाध्यायको प्रमुख अतिथ्यिमा र नेपाल टाइगर साप्ताहिकका प्रधान सम्पादक मधु बस्नेतको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो र झण्डै एक दर्जन भन्दा बढीलाइ सम्मान र मायाको चिनो प्रदान गरिएको थियो।

**सम्मानित हुनेहरुमा**

प्रा.डा. सुरेन्द्र के.सी, डा.निरन्जनमान सिंह बस्न्यात, ई. बिष्णुबहादुर सिंह, डा.प्रकाशराज रेग्मी, उज्वलराज मैनाली, महामाया प्रसाद सिंह राजपुत, गंगा पौडेल खड्का, नवीन कुमार पौडेल, टिकाराज कार्की, रमेश बिष्ट, हरिहर कार्की, निराञ्जन बस्नेत, सुरेस कुमार कटवाल, भरत शंकर र रामेश्वर राउत रहेका छन्।

के तपाई नारायणगढ आउँदै हुनुहुन्छ ?
गुल्मेली खाजा घर
पोखरा बसपार्क नारायणगढलाई सम्झनुहोस्।
(हामी कहाँ स्तरीय आलुपराठा, रोटी, चाउमिन तथा स्वादिष्ट खानाको पनि व्यवस्था छ।)
प्रो. देवीराम भण्डारी
मोबाइलः ९८४५३९७००३, ९८४५९२६८४४

के तपाई भरतपुर आउँदै हुनुहुन्छ ?
तपाइ हाम्रो पोखरेली खाजा घर
भरतपुर-१०, गौतम चोकमा सम्पर्क गर्नुहोस्।
(हामी कहाँ अर्डर अनुसारको स्वादिष्ट खाजा आलु पराठा, रोटी, चाउमिनका साथै खानाको पनि व्यवस्था छ।
प्रो. कृष्ण पोखरेल
मोबाइलः ९८६०५५९०९३

Green Hut Lounge
&
Cafe with Banquet
तपाईहरुको सेवामा सधैं समर्पित छ।
स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ।
स्थानः चण्डोल चोक, काठमाडौं
सम्पर्क नम्बरः०१–४४३४११३


# बाँदर आतंक: देवघाट पछि रामनगर र सिमुरामा पनि सऱ्यो

**–मोहन पोखरेल/सुरेश कुमार अधिकारी**

चितवन । चितवन र तनहुँको सिमाना जोडिएको देवघाट क्षेत्र बर्षौंदेखि बाँदर आतंकको निशानामा परेको छ । बाँदरको संख्या बढ्दै गएपछि रामनगरमा समेत त्यसको प्रभाव परेको छ । देवघाटका बाँदर यता आउन थालेपछि रामनगर, जुगेडी र ठिमुराका बासिन्दा बढी प्रभावित भएका छन् । केही वर्षसम्म देवघाटमा आतंक मच्चाएको बाँदरको प्रजनन् संख्या बढेपछि त्यता नअटाएका बाँदर रामनगर, ठिमुरा र जुगेठीका बन क्षेत्र र सर्वसाधारणका बस्तीसम्म आइपुगेका छन् । बागेश्वरी र आँपटारी आसपासका बस्तीहरुमा समेत बाँदर आतंक बढेको छ । साथै व्यस्त बजार नारायणगढमा राता बाँदर देखा परेका छन् ।

सतनचुली सामुदायिक वन समितिका पूर्व अध्यक्ष टेकबहादुर गुरुङका अनुसार रामनगर वन क्षेत्र र यहाँको ग्रामीण वस्ती यतिखेर बाँदर आतंकबाट प्रभावित भएको छ । पूर्व प्रहरी निरीक्षक समेत रहेका टेकबहादुर गुरुङले आफू बसेको घ र सम्पूर्ण रामनगर क्षेत्रमा बाँदरले हैरान पारेको बताए । पशुपतिका बाँदरलाई राताराात ट्रकमा हालेर रामनगरमा ल्याएर छोडिएकोले बाँदर आतंक बढ्दै गएको उनको भनाई रहेको छ । बाँदरले भान्सामा पाकेको भात र तरकारी समेत थुतेर खाइदिने गरेकोमा आफू हैरान परेको गुरुङको भनाई छ ।

टेकबहादुर गुरुङलाई जस्तै रामनगरवासीका घरघरमा बाँदर आतंक व्याप्त छ । घरमा चुलाचौकमा र कोठा चोटामा रहेका अन्नपात बाँदरले जबरजस्ती थुतेर खाई दिने गरेको पीडितले बताएका छन् । ठिमुराका कृष्णबहादुर थापा मगर पनि बाँदर आतंकबाट पीडित छन् । कहिल्यै नदेखिएका बाँदर यसपाली अचाक्ली देखिएका छन् । ठिमुरा रामनगर र जुगेडीमा त बसिखानु छैन, मगरले भने । देवघाटको तनहुँ र चितवनको भाग बाँदर आतंकबाट हैरान हुँदै आएको छ । घट्नुको सट्टा बढ्दै गएपछि यहाँका भक्तजनहरु हातमा



गुलेली बोक्दै बाँदर धपाउन व्यस्त छन् । देवघाटका उकजना भक्तले हातमा गुलेली बोक्दै भने- हेर्नुस् हातमा गुलेली बोकेपछि बाँदरलाई हान्नै पर्दैन आफै तर्सेर भाग्छ । देवघाटका मठ मन्दिर, पाटी, पौवा, बस स्टेशन र प्रत्येकका घरघरमा बाँदर छ्यापछ्याप्ती देख्न पाइन्छ । पकाएको खानेकुरा, मकै, करेसाबारीमा लगाएको बालिनाली बाँदरबाट सखाप हुने गरेको छ । सबैभन्दा पीडित यहाँका साधुसन्त र भक्तजनहरु भएका छन् ।

बाँदरको संख्या यसरी बढ्यो

पशुपतिका बाँदरको सानो झुण्ड १५ वर्ष पहिले रामनगरको जंगलमा ल्याएर छोडियो । ती बाँदर खानाको अभावले रामनगर क्षेत्रबाट देवघाट तर्फ हानिए । नगन्य अवस्थामा रहेका देवघाटको स्थानीय बाँदरको झुण्ड र पशुपतिका बाँदर समेतको मिश्रण भएपछि यिनीहरु मिलेर बस्न थाले । सँगसँगै यौन प्रजनन् क्रिया बढ्दै गएपछि बाँदरको संख्यात्मक बृद्धि हुन गयो । क्रस प्रक्रियाबाट जन्मेका बाँदरका सन्तान बढी आक्रामक हुन थाले । खानाको अभाव हुन थालेपछि यिनीहरु बढी हिंस्रक र चोरी चाकडीमा व्यस्त हुन थाले । सोझा भक्ताजनको घरदैलो चाहार्ने, नटेर्ने र पाटी पौवा र मन्दिरहरुमा रहेका नैवेध प्रसादमा बाँदर रमाउन थाले । बर्षौंसम्म देवघाट क्षेत्र बाँदरको रमाइलो थलो बन्दै गयो । संख्यात्मक बृद्धि भएपछि देवघाटमा अटाउन नसकेका बाँदर अन्य क्षेत्रमा प्रवेश गरेको र सतनचुली बन लगायत जलदेवी सामुदायिक बन क्षेत्र बाँदरको चपेटामा परेको बन डिभिजन कार्यालयको निष्कर्ष रहेको छ । देवघाट क्षेत्र विकास समिति र देवघाट गाउँपालिकाका प्रतिनिधिका अनुसार बाँदर आतंक नियन्त्रणमा नभएको प्रतिक्रिया छ ।

**बाँदर नियन्त्रण कसरी गर्ने ?**

सर्वप्रथम जिल्ला समन्वय समिति भरतपुर महागरपालिका जिल्ला प्रशासन कार्यालयको बाँदर आतंक नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी भित्र पर्दछ । सम्बन्धित देवघाट क्षेत्र विकास मिति र देवघाट गाउँपालिकाका प्रमुख सँग समन्वय गरी नियनत्रणका लागि आवश्यक बजेटको व्यवस्था गरिनु जरुरी हुन आउँछ । यसमा वैदेशिक नीतिको तर्जुमा गरी सम्बन्धित देशका विज्ञहरुसँग छलफल गरी यहाँका बाँदरलाई विदेश निर्यात गरी आयआर्जन गर्न सकिन्छ ।

अर्को प्रभावकारी उपाय भनेको सबै बाँदरलाई एक साथ कब्जामा लिएर फराकिलो ठाउँमा बादर चिडियाखानाको निर्माण गर्ने र स्वदेशी विदेशी पर्यटकको आकर्षणको केन्द्र बनाउने र त्यसबाट आय आर्जन गर्ने बाँदर वासस्थानको संरक्षणकालागि तारजालीका सथौ खाने चीजको व्यवस्थापन गर्न सकियो भने बाँदर चिडियाखाना आकर्षकको केन्द्र बन्नेछ । करोडौंको बर्षेनी आय हुनेछ । बन संरक्षण ऐन र जंगली जन्तु संरक्षण प्रक्रिया अनुसार अगाडि बढेमा समस्याको समाधान हुन बेर लाग्ने छैन । साथै साझेदारी नीती अन्तर्गत सरकारी गैह्रसरकारी र स्थानीयको आधारमा पनि यसको समाधान निस्कने सक्ने अवस्था छ ।

## फेरी फसाउँछ

**कृष्ण बहादुर बोगटी काका**



म जस्तो घरबार विहिनलाई भ्रष्टाचारीले झुटो आरोप लगाई फसाई दियो पैसा हुनेले सफाई पायो मैले गर्दै नगरेको गल्ती ले पनि ४८ महिना दुई दिन जेल बस्नु पऱ्यो । पैसा हुनेहरु जेलको स्टाफ सुविधा लिई कामै नगरे पनि बर्षको डेड दुइ महिना सुविधा लिन्छन मैले भने तिन बर्ष स्टाफ भै काम गर्दा उल्टै दुई दिन बडी जेल बस्नु पऱ्यो श्री सम्मानित अदालतले तोके भन्दा पनी बढी कैद बस्नु पऱ्यो त्यसको कारण पनी गरिबी नै हो नियम कानुन पैसा नहुने घरबार विहिनलाई मात्र लाग्ने गर्छ त्यसको पनी प्रमाण छ तर पनी पैसा पाहुर हुने भ्रष्टले लगाएको आरोप भएकोले कुनैपनी निकायले गरिबको पक्ष लिने रहेनछ भन्ने कुरा प्रमाणित भैसकेको छ । अब कुनैपनि घरबार विहिन निर्दोष गरिब झुटो आरोपमा नफसोस मेरो यही कामना छ । गरिबको नाम विक्री गरेर खाने संस्था खारेज गरी सञ्चालकलाई कार्वाही गर्नु पर्छ नत्र फेरी अर्को निर्दोष नफसला भन्न सकिन्न मलाई फसाउने नै जेलमा आई धम्की समेत दिएकोले पनि दुई दिन बढी जेल बस्नु परेको हुनुपर्छ । स्टाफ बसेको प्रमाण पनि यसै साथ छ । मलाई फसाउने संस्थाको हाकि जेलैमा आइ गोरी प्रधानको विरोध नगरे कुनैपनी सहयोग गरौला विरोध गरे फेरी फसाई दिउँला भनी प्रोग्राम अफिसर कुमार भट्टराईले जेलैमा आइ धम्की दिएर गए । तर मैले केही गर्न सकिन किनभने जेलमा रहँदा कुनै ठुलो सोर समेत गर्न पाइदैन मैले सुनिनै रहे र सहेरै बसे जेलबाट मुक्त भएपछि धेरै लेखहरुद्धारा तिनीहरुको गतिविधिको बारेमा विरोध गरे प्रमाण समेत राखी प्रकाशित गरे तर केही भएन ।

सिविनको मलाई फसाउन रोल खेल्ने सिवीनको प्रोगाम अफिसर कुमार भट्टराई जेलमा आइसकेसम्म धेरै जेल राख्न जेलर भट्टराइ हुँदा ठूलै कसरत गरेर मलाई सम्मानित अदातलले तोके भन्दा दुई (२) दिन बडी जेल बस्न बाध्य बनायो । कारागारमा नाइके सह नाइके भए वापत नाइकेलाई डेड महिना र सहनाइके लाई बर्षको एक (१) महिना दिन मिनाहा हुन्छ तर मैले पुजारी मन्दिर सहनाइके भई तिन बर्ष काम गर्दा झनै अदालतले तोके भन्दा पनि दुई (२) दिन बढी बस्न बाध्य गरायो सिविनको दबाबले । धन्यवाद मेरो नेपाल आमा निर्दोषीलाई फसाउने लार्य हजुर ले नै सजाय दिनु पऱ्यो । जय नेपाल आमा ।

धुम्बाराही क्षेत्र नं. ५
वडा नं. ४ काठमाण्डौ
हाल: चक्रवहिल –१२, बालकुमारी ल.पु

## नेकपा ...

सम्बोधन गर्नुभएको छ । भोलि ११ गते भक्तपुरमा जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

अहिले नेकपा (माले)ले सुनसरीको धरानमा उपमहानगरपालिकामा मेयर एकराज सुब्बा, भक्तपुर क्षेत्र नं. १ को क प्रदेस सभासद् सुदर्शन लामिछाने, कास्कीको क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्य टेकनाथ भण्डारी, दाङको क्षेत्र नं. ३ को ख मा हरि प्रसाद डाँगीलाई उम्मेदवारको रुपमा मैदानमा उतारेको छ । ४ नं. प्रदेशमा स्थायी कमिटी सदस्य डम्बर श्रेष्ठले चुनाव प्रचार प्रसारको साथै व्यवस्थापन सहयोग गरिरहनु भएको छ भने ३ नं. प्रदेशमा स्थायी कमिटी सदस्य कुमार बेलवासे र कृष्ण रानाले सघाइ राख्नु भएको छ भने प्रदेश नं. ५ मा स्थायी कमिटी सदस्य गोपालमणि गौतम र प्रदेश नं. १ मा पोलिट्ब्यूरो सदस्य खगेन्द्र प्रसाइले आफ्ना पार्टीका उम्मेदवारहरुलाई सघाइरहेको नेकपा (माले) पार्टी कार्यालयले जानकारी दिएको छ ।


## अन्तर ...


गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता सञ्जालकी अध्यक्ष निलम केसीले गर्नुभएको थियो । स्वागत मन्तव्य पूर्व अध्यक्ष हाल के.सं. सावित्री भूषालले गर्नु भएको थियो भने अतिथिहरुमा पूर्व मन्त्री तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य अर्जुन नरसिंह केसी, पूर्वमन्त्री नेकपाका केन्द्रीय सदस्य तथा ३ नं. प्रदेश सचिव आनन्द पोखरेल, नेकपा मालेका केन्द्रीय सदस्य मोहन कार्की, काठमाडौं महानगरपालिकाकी उपमेयर हरिप्रभा खड्गी रहनुभएको थियो ।

पहिलो शत्र मंसीर ४ गते सकेर दोश्रो सत्र शुरु भएको थियो भने मंसीर ५ गते कार्यक्रम समापन गरिएको थियो । अन्तरपार्टी महिला सञ्जालको एकएक वर्षमा अध्यक्ष आलोपालो हुने सिष्टम रहेको र हाल नेकपा मालेबाट निलम केसीको अध्यक्षतामा १६ सदस्य कमिटी रहेको छ जसमा, अध्यक्ष निलम केसी (नेकपा माले), उपाध्यक्ष ममता गिरी नेकपा, महासचिव पुष्प ठाकुर राप्रपा, कोषाध्यक्ष कमला पन्त रहेका छन् भने सदस्यहरुमा कल्याणी रिजाल पूर्व उपाध्यक्ष तथा हाल सदस्य प्रतिभा राणा पूर्व अध्यक्ष हाल सदस्य तथा जापानका लागि राजदूत, निलम बर्मा स्टेरिङ्ग कमिटी सदस्य, यशोदा सुवेदी पूर्व महासचिव हाल सदस्य, रेणु यादव पूर्व अध्यक्ष तथा हाल सदस्य, सेहनाज रहेमान पूर्व कोषाध्यक्ष हाल सदस्य, शशि श्रेष्ठ पूर्व अध्यक्ष हाल सदस्य, कमला रोका सदस्य, शावित्री भूषाल पुर्व उपाध्यक्ष हाल के सदस्य, उमा रेग्मी पूर्व अध्यक्ष हाल क.स., छली कुमार उल्लेखित पदाधिकारीको कार्य समिति रहेका छन ।

## भारतको ...

जुरुक्कै उठ्नुपर्ने बेला सरकारपक्ष सत्तामा बसिरहन नपाइएलाकी भनेर त्रासमा देखिन्छ भने प्रतिपक्ष त्यही बहाना बनाएर सरकार ढालेर सत्तामा फेरी एकथान फोटो प्रधानमन्त्रीको झुण्ड्याउन पाइएलाकी भन्ने दाउमा जोड घटाउमा लागिरहेको देखिन्छ । भुरेटाकुरे पार्टीहरुले पनि खासै दीर्घकालिन सोच राखेर राष्ट्रियताको आन्दोलनलाई अगाडि बढाएको देखिँदैन । भारतले नेपालको भूमि समेटेर नक्सा सार्वजनिक गरेको महिनौ वित्न लाग्दा समेत सरोकार पक्ष सबै नेपालीलाई एक ढिक्का बनाउने अभियानमा कोही लागेको देखिँदैन । सस्तो लोकप्रियताको लागि छिटपुट प्रदर्शन भने गरेको देखिन्छ । वास्तविक हाम्रो भूमि १४७१८१ वर्ग किलोमिटर भित्रको कालापानी र लिम्पियाधुरा ३७२.४ वर्ग किलोमिटर भारतीय नक्सामा पारेको तथ्य नक्सा र क्षेत्रफल सहित तथ्य सहित सबै नेपालीमा पुऱ्याउने गरी कतैबाट काम भएको छैन । नेपालीहरुलाई तथ्यगत ब्रोसर बनाएर, समाचार माध्यमबाट, श्रव्यदृष्य सबै श्रोत साधन प्रयोग गरी सबै नेपालीमा जागरुक गराउन ढिलो भइसकेको छ । हुनत नेपाल सरकारले भारत सरकारसँग नोट पठाइसकेको खबर आएपनि भारतको हेपाह प्रबृत्तिको कारण नेपालको हड्पेको भूमि फिर्ता पाउने विषयमा विश्वसनीय आधार नभएको हुँदा सबै नेपाली आवश्यक पर्दा राष्ट्रियताको लडाइमा तयार भएर बस्नुपर्ने वातावरण बनाइ राख्न जरुरी छ ।



जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १२/०७५/०७६



# मोहन कार्कीको 'माइली' उपन्यासलाई नियाल्दा

**शालिकराम तिमलसेना**

फेसबुकबाट माइलीको नाम सुन्नासाथ कुनै श्रृंगारिक उपन्यास लेखियो होला भन्ने सोचेको थिएँ। तर साँच्चै पुस्तक मेरो हातमा पऱ्यो र पढ्न थाँले। त्यसलाई जति पढ्दै गएँ त्यतित्यति म पुर्वाग्रही बनेछु भन्ने लाग्दै गयो र मेरो मानसको भ्रम हट्दै गयो। अन्त्यमा उपन्यास निखुर सामाजिक यथार्थवादी देखियो। यस्तो किन भएको थियो भने महान् प्रगतिवादी लेखक राहुल सांस्कृत्यायनद्धारा रचित र नारायण आचार्यद्धारा अनुदिन 'भोल्गादेखि गङ्गासम्म' जस्तो प्रगतिवादी रचनामा पनि श्रृंगारिकता उदात्त छाल तरंगहरु ज्यास्ती थिए। जसलाई मैले भर्खर पुन पढेको थिएँ। मोहनजीजस्तो युवावयी लेखक श्रृंगारिकता अथवा प्यार प्रणयका फुलहरु रोप्न कहाँ चुक्नुहोला र भन्ने लागेको थियो। यो सब मेरो मनको बाघ ठहरियो तर बनको बाघ अर्कै थियो।

जसमा मनोज र अञ्जनाजस्ता युवा दम्पत्ति थिए तर तिनमा रागात्मकता थिएन। उनीहरु परेवाका दुःखी जोडीजस्ता थिए। उपन्यासमा उनीहरु प्रेमप्रणयको लिला खेलभन्दा पर छन्। उनीहरु आफ्नै काकाद्धार हडपिएका छन्। कोसीको बाढीद्धारा बगाइएका छन्, धीरजधारा बेचिएका छन्। माइलीद्धारा सहयोग गरिएका छन्, विछोड षड्यन्त्रको भूमरीमा फसेका छन् र अन्त्यमा सेक्सपियरका नाटकहरुमा झै पुर्नमिलनको संयोग सुख प्राप्त गर्न सफल भएका छन्। अघि मनोज अन्जनाका अबोध बालक छोराहरुलाई दुःखसाथ हुर्काउन माइलीले गरेको त्यागप्रति कृतज्ञ भएका छन्। यसरी एउटा श्रमजिवी परिवारले गरेको संघर्षको चित्र माइली उपन्यासको क्यानभासको रंग भएको छ।

म यो उपन्यास पढ्दा यसरी आश्चर्यचकित भएँ जुन औपन्यासिक पूर्व परम्पराभन्दा भिन्न चित्र यहाँ छ। बसबाट यात्रा गर्दा झ्यालबाट देखिने फरक फरक दृष्यहरु जसरी लगातार आइरहन्छन् त्यसरी नै यस उपन्यासमा घटनाहरु आइरहन्छन्। यस्तो प्रयोग नितान्त नविन र पूर्व परम्परा भिन्न छ। मैले यस्तो स्थितिलाई घटनाहरुको एनिमेसन भनेको छु। यसका लागि संस्कृतको पुनसंयोजन शब्दको पनि प्रयोग गर्न सकिन्थ्यो। तर आजका किशोर पुस्ताका लागि एनिमेसनले बोधगाय छ। लैनसिंह बाङदेलको मुलुक बाहिर उपन्यासमा पनि घटनाहरुलाई यसरी नै बुनिभएको छ। तर त्यस उपन्यासमा घटना प्रवाह यति तिब्र छैन।

यस्तै कुरालाई बुझेर समालोचक हृदयचन्द्रसिंह प्रधान (२०६१) ले लेख्नुभएको थियो-उपन्यास लोकप्रिय, यसको कारण हो- यसमा हुने रोचकता, बृहत जीवनको परिचय र सत्याभास (पृ.१)। त्यसरी नै वहाँले भन्नुभएको थियो-उपन्यास कला हो, रागात्मकता भएको कला (पृ.६)।

मैले मासको संसारकै सर्वप्राचिन नाटक 'स्वप्नवासवदत्ता' अनुवाद गराएर जब निर्देशक प्रभाकरदेव शर्माका हातमा थमाएँ, त्यो पढेपछि उनले मसित भने यो त आधुनिक फिल्मजस्तै रहेछ, घटनाहरुको शृंखला ट्रेनको झ्यालबाट देखिने पार्थिव दृश्य जस्तै पनि त्यो पुर्नकथित रुपान्तरित नाटक सांस्कृतिक संस्थानले प्रदर्शन गरिरहेको छ। निर्देशक वीरेन्द्र हमाल र साथीहरुले त्यसलाई सुन्दर रुपमा मञ्चन गरिरहेका छन्।






रमेशजीको त्यो काम भनेको अनवरत आइरहने रोकावटहीन, अन्तिम विन्दुसम्म उस्तै तीब्रताकासाथ फटाफट अघि बढिरहने मनोरम यात्रा। माइलीको भूमिका लेखक दोमोदर ढकाल दीपकले यसलाई सिनेमा हेरिरहेजस्तै गरी पढे भनेका छन्- जुन सही हो। यस किसिमको रोकावटहीन प्रवाहशीलता यस कृतिको सुन्दर पक्ष हो भन्ने मलाई लागेको छ।

यत्तिले मात्र वा यस किसिमको प्रवाहशीलताले मात्र आख्यान फिल्म हुँदैन। किनकी यसमा प्रत्यक्ष कथन संवादको सर्वथा अभाव छ। यसलाई फिल्म बनाउने हो भने संवादहरु थप्नुपर्छ, कथपोकथनहरुको चाङ, उभ्याउनु पर्छ। फिल्म वा नाटकमा पात्रले केही कुरा बोल्नुपर्छ। त्यसकारण राजेन्द्र सुवेदी (२०६४) ले कटापेकथनलाई नाटकीय तत्व भनेका छन्। उहाँले यसैद्धारा उपन्यास 'व्यञ्जित' हुन्छ भनेका छन् (पृ.२४)। फिल्ममा संवाद वा कथपोकथनहरुको चाङ उभ्याउनु भनेको उपन्यासको पुनर्कयन हो। उपन्यासको पुनर्कयन कति दुरुह काम हो भन्ने बारेमा एउटा घटना तपाइलाई सुनाउन चाहन्छु।

सांस्कृतिक साधनाले उपन्यासले हृदयचन्द्र सिंह प्रधानको एक चिहान उपन्यासलाई नाटकीकरण गरी देखाउने निर्णय गरेपछि पुनर्कयन गर्न मैले नभ्याउने भएपछि त्यो जिम्मा मैले मेरा साथी र त्यहाँका कर्मचारी रमेश विजीलाई दिएँ। वहाँले त्यो दुरुह कार्य आश्चर्यजनक एवं सुन्दररुपमा सम्पन्न गर्नुभयो। वहाँ प्रतिभाशाली गीतकार हुनुका साथै साहित्यिक चेतले ओतप्रोत हुनुहुन्थ्यो। मैले वहाँलाई धेरै धन्यवाद दिएँ। सांस्कृतिक संस्थानले वहाँलाई केही थोरै पैसा दियो। केही संकीर्णहरुले त्यसको विरोध पनि गरे। अहिले उपन्यासमा भएका प्रत्यक्ष कथन संवादहरुलाई छान्नु, कुनै संवादहरुको मर्मत गर्नु र कतिपय ठाउँहरुमा नयाँ संवादहरु थाप्नु थियो। अनुवाद शास्त्रका दृष्टिमा त्यो काम भाषन्तरिक अनुवाद थियो, अनुकूलन थियो। अनि भाषा विज्ञानका दृष्टिमा चाहिँ त्यो काम भाषिक एकाइहरुको आर्थी होइन, संरचनागत परिवर्तन थियो। जसलाई नाट्य प्रदर्शनका लागि योग्य बनाउनु थियो। यो सब गरियो। उपन्यास प्रेक्षालयमा रंगीन रुपमा नाच्न पायो। यस विषयसँग सम्बन्धित दोश्रो घटना पनि तपाइलाई सुनाउन चाहन्छु।

सांस्कृतिक संस्थानले महाकवि देवकोटा रचित मुनामदन गिती नाटक ६२औं पटक प्रदर्शन गऱ्यो। त्यो खबर तत्कालीन माओवादी नेता पूर्व प्र.म. बाबुराम भट्टराईले पाउनु भएछ। वहाँ पत्नी हिसिला यमिका साथ मुनामदन हेर्न आउनु भयो र त्यो हेर्नुभयो। अन्त्यमा हिसिलाले मेरो पिता धर्मरत्न यमीले पनि 'खासा बोल्छे' शीर्षकमा यस्तै गीति काव्य रच्नु भएको छ, त्यो पनि यसरी नै देखाउन मिल्छ कि मिल्दैन हेरिदिनुपऱ्यो भन्नुभयो र केही दिनपछि मलाई एकप्रति पठाइदिनुभयो। त्यसलाई मैले आधोपान्त हेरेँ। खासा बोल्छेमा देवकोटाको मुनामदनमा जस्ता सपाट संवादहरु थिएनन्। त्यसमा प्रकृति चित्रण थियो, सामाजिक जीवन थियो। पात्र र घटनाहरु थिए, तर पात्रबीच हुने वार्तालापहरु थिएनन्। प्रयोगवादी नाटकहरुमा एकलाप, आत्मालाप, अलाप, विलापजस्ता शिथिल संवादहरु रहन्छन्। तिनमा घटना श्रृंखला हुँदैनन् तर आधुनिक नाटक, प्रहसन र फिल्महरुमा बहुपात्र, बहुसंवाद र बहुघटनाहरु हुन्छन्। धर्मरत्न यमीले लेख्नु भएको खासा बोल्छे गीति काव्यमा यस्ता वार्ताहरु नपाएपछि मैले यसलाई यत्तिकै रुपमा गीति नाटकका रुपमा मञ्चीय प्रदर्शनमा लान सकिन, लो हो भने पुर्नलेखन गर्नुपर्छ, यो कुरा बडो दुरुह छ भनी बताएँ। वहाँहरुले त्यसलाई मान्नुभयो।

धर्मरत्न यमी नेपालको बाम प्रजातान्त्रिक आन्दोलनका सहयोगी हुनुहुन्थ्यो। त्यसो भए पनि वहाँले लेख्नुभएको लासा बोल्छेमा संवादहरु नहुँदा त्यसलाई मञ्चीय प्रदर्शनमा लान सकिएन। माइली उपन्यासका सन्दर्भमा यो पक्ष विचारणीय छ भन्ने मलाई लाग्छ। साहित्यिक पाठमा रहने वार्ताहरु वार्ताका लागि मात्र होइनन्। यस्ता वार्ताहरु भाषिक घर्षणका अभिव्यक्तिहरु हुन्। यस्ता घर्षणमा स्रष्टा लेखक तटस्थ रहन्छ। स्रष्टाले आफ्ना मनोभावहरु आफै प्राचिन नाटकका सूत्रधारहरु झै आफै बोल्दैन। उसले मनोभावनाहरु पात्र मार्फत बोल्दछ। उपन्यासको सौन्दर्य यस कुरामा पनि निहीत रहन्छ साहित्यमा पात्रले बोल्ने सबै कुरा लेखकले नै बोलिदिँदा अदालतमा पौरवीकर्ताका बहसविनै न्यायाधीशले मुद्धा छिनेजस्तो भइदिन्छ। कृष्णहरी बराल र नेत्र एटम (२०६६) ले पात्रलाई जीवनसँग जोड्न सहयोग पुऱ्याउने तत्व नै संवाद हो भनेका छन् (पृ.३२)। चित्रमा जीवनलाई रंगले क्यानभासमा उतार्छ। उपन्यासमा, कथामा, नाटकमा, पात्रको बोलीको जीवनलाई उतार्छ। त्यसकारण हरेक लेखनमा संवाद आवश्यक छ।

माइली उपन्यासले नेपाली समाजको यथार्थ चित्र उतारेको छ। त्यहीकारण विद्धानहरु साहित्यलाई समाजको ऐना भन्दछन्। सबभन्दा सुन्दर साहित्य कस्तो हुन्छ र हुनुपर्छ भन्ने कुरालाई लिएर विश्वभरीकै विद्धानहरुवीच बहस चलेका छन् र प्रगतिवादी साहित्य त्यस्तो सुन्दर साहित्य हो भन्ने उनीहरुको ठहर छ। यस क्रममा निनु चापागाई (२०५१) ले दुष्टताका विरुद्ध संघर्ष गर्ने (पृ.८३), क्रान्ति सम्पन्न गर्न र नयाँ सामाजिक व्यवस्थाको निर्माण गर्न संघर्षरत् जनतामाथि प्रकाश पार्ने (पृ.८३) साहित्य प्रगतिवादी साहित्य हो भनेका छन्। जसले वर्गीय सारतत्वलाई प्राथमिकता दिने गर्दछ (पृ.८३) जसले जीवन यसरी नै चलिरहन असम्भव छ भन्ने बुझ्दछन् (पृ.८४) उनले लेखेका छन्- नेविन कला साहित्य सर्वहारा उद्देश्यको एक अंग हुनुपर्छ भनी ठान्थे (पृ. ८६)। यस दृष्टिले साहित्यमा समाजचित्र मात्र पर्याप्त छैन। अनि समाजमा हुने शोषण, थिचोमिचो, अन्याय, ठगी, जालझेल, पतन र चरित्रहिनता र स्वार्थ मनोवृत्तिको चित्रण मात्रै पर्याप्त छैन। तिनका विरुद्धको साहषिक संघर्ष र यस्तो संघर्षमा हुने अवश्यभावी विजयको सपना आवश्यक रहन्छ। माइली उपन्यासमा जीवन संघर्षका थुप्रै घटनाहरु उल्लेख छन् यो कुरा उपन्यासको सवल पक्ष हो।

गजानन माधव मुक्तिबोध (सन् २००८) ले लेखेका छन्, आलोचकको धर्म साहित्यिक नेतागिरी गर्नु होइन, जीवनलाई मर्मज्ञ बनाउन, सहयोग गर्ने उद्देश्यले कला समिक्षा गर्नु हो (पृ. ९९)। मैले पनि कतै बढी पो लेखेँ कि ? मलाई डर लागिरहेछ। कतै भावाव्यक्तिमा कमजोरी भएमा क्षमा चाहन्छु। माइली उपन्यासले सफलता पाओस्। अनि मोहनजीद्धारा भावि दिनमा अन्य रचनाहरु पनि लेखियुन्। इति।

## गरिमा विकास बैंकद्वारा देशका विभिन्न ११ स्थानमा रक्तदान

काठमाडौँ। गरिमा विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको १२ औँ वर्ष पूरा गरी १३ औँ वर्षमा प्रवेश गरेको अवसरमा रक्तदान कार्यक्रम गरेको छ। मंसिर ७ गते शनिबार देशका विभिन्न ११ स्थानमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो।



विकास बैंकले केन्द्रीय कार्यालय लाजिम्पाट, शाखा कार्यालयहरु स्याङ्गजाको वालिङ्ग, रुपन्देहीको बुटवल, म्याग्दीको वेनी, चितवनको नारायणगढ, झापाको विर्तामोड र दमक, सुनसरीको धरान, सुर्खेतको वीरेन्द्रनगर, कैलालीको धनगढी र कञ्चनपुरको महेन्द्रनगरमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको हो।

उक्त स्थानहरुमा भएको रक्तदान कार्यक्रबाट ५ सय युनिटभन्दा बढी रगत संकलन भएको छ। विकास बैंकले आफ्नो वार्षिकोत्सवको अवसरमा प्रत्येक वर्ष विभिन्न सामाजिक उत्तरदायित्वमुलक कार्यक्रमहरु सम्पन्न गर्दै आईरहेको छ।

काठमाण्डौंको लाजिम्पाटमा केन्दीय कार्यालय रहेको यस विकास बैंकको हाल काठमाण्डौंमा १० वटा शाखा सहित देशभर ९० शाखा र ४९ वटा एटीएम संचालनमा छन। २०७६ मंसीर ६ गतेसम्म विकास बैंकले करिब ३६ अर्ब निक्षेप संकलन गरी ३२ अर्ब कर्जा लगानी गरेको छ।

## सिटिजन्स बैंकको संचालकमा खालिङ

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सुदेश खालिङलाई बैंकको स्वतन्त्र संचालकमा नियुक्त गरेको छ। बैंकको मंसिर ६ गते शुक्रबार बसेको ३२० औँ सञ्चालका समितिको बैठकले खालिङलाई सञ्चालकमा नियक्ति गरेको हो।

अवनिन्द्र कुमार श्रेष्ठको पदावधि सकिएपछि रिक्त हुन गएको स्वतन्त्र संचालकको पदमा बैंकिंग क्षेत्रमा करिब तीन दशक लामो अनुभव भएका खालिङलाई नियुक्त गरिएको हो।

शाखा संचालन तथा जोखिम व्यवस्थापनमा अब्बल तथा अनुभवी बैंकरका रूपमा परिचित खालिङले विभिन्न वाणिज्य बैंकको महत्वपूर्ण ओहदामा रहि आफ्नो कार्यकुशलता प्रदर्शन गरि सकेका छन्।

वाणिज्य बैंकमा सहायकबाट बैंकिंग पेशा शुरु गर्नु भएका खालिङले दुई वाणिज्य बैंकको अनुभव बटुल्दै प्रमुख कार्यकारी अधिकृतबाट निवृत भएका हुन्।



योर पार्टनर फर प्रोग्रेस भन्ने नारालाई आत्मसात गरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ८५ वटा शाखा, ८२ वटा एटीएम र १०२ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव चार लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

यसका साथसाथै शाखाहरुसँगको समन्वय, निगरानी, संस्थागत सुशासन, जोखिम व्यवस्थापन एवम गुनासो सुनुवाई जस्ता कार्यहरू छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा सम्पादन गर्ने उद्देश्यले बैंकले सात वटै प्रदेशमा प्रादेशिक कार्यालयहरुको स्थापना गरिसकेको छ।

ग्राहकवर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु पनि उपलब्ध गराउँदै आएको छ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस